नानीहरुलाई मकहाँ आउनदेओ

पाष्टरीय तालीम पुस्तिका

५१

तालीम र वृद्धि

T&M ®

एक आज्ञाकारी मण्डलीले बाबुआमा र मण्डलीका अरु सदस्यहरुलाई उनीहरुका नानीहरुलाई सिकाउनको लागि प्रोत्साहित गर्दछ । तल सुझाव दिइएका तरिकाहरु अप्नाएर नानीहरुलाई सिकाउन सकौं भनी प्रभुसँग प्रार्थना गर्नोस् ।

नानीहरुलाई शिक्षा दिनको लागि आमाबाबु अनि साथीहरुलाई उत्प्रेरित गर्नोस्

धेरै नानीहरु जवान भए पछि हाम्रो मण्डलीमा आउन छोड्दछन् । हामीले उनीहरुलाई येशूका सक्रिय चेलाहरु बनाउनुको साटो, मात्र वचनका "श्रोताहरु" बनायौं । मैले के गर्नु पर्ने हो ?



सुन्नु होस् भाइ । नानीहरुलाई विश्वासमा स्थापित गर्ने जिम्मेवारी आमाबाबुको हो । सम्बन्धित आमाबाबुलाई बाइबलका कथाहरुको केही सूची उनीहरुको नानीहरुलाई कथा भन्नको निम्ति दिनुहोस् । पारिवारिक प्रार्थनाको समय हुनको निम्ति उनीहरुलाई सहयोग गर्नुहोस् । (पाष्टरीय तालीम पुस्तिका नम्बर ६ "पारिवारिक प्रार्थना" हेर्नुहोस् ।

राम्रो बिचार ! तर जुन नानीहरुका आमाबाबुले सिकाउन सक्दैनन् उनीहरुको लागि म के गरुँ ?
मानिलिउँ तपाईंले नानीहरु र आमाबाबु दुवैको निम्ति सँगै बाइबल क्लासहरु लिन पाउनु भयो । त्यहीँ नानीहरुले उनीहरुको विश्वासलाई निश्चित गर्दछन्, अनि प्रभुमा समर्पित हुँदछन्, भने आमाबाबुले पनि नानीहरुको अघि त्यसै गर्न सक्छन् ।


म यसो गर्नेछु । तर आमाबाबु नै मण्डलीमा नआउनेहरु भए के गर्नु नी ? म के गर्न सक्छु ?
नानीहरुलाई निर्देशन दिनको लागि शिक्षकहरुलाई सहायता गर्नोस् । तिनीहरुलाई सूचना दिने मात्र होइन, तर प्रभु येशूको चेला पनि बनाउने काम भएको होस् । शिक्षकहरुले हरेक नानीसँग महीनामा कम्तिको दुइ पटक व्यक्तिगत रुपमा बोलेर येशूका आज्ञाहरु पालन गर्न सहयोग गर्नु पर्छ साथै उनीहरुले आफूभन्दा सानाहरुलाई पनि सिकाउने र आफूले सिकेको व्यवहारमा ल्याउने काम गराउनु पर्छ ।

एक असल बाइबल शिक्षण कार्यक्रमको निम्ति माथि दिइएको बुद्धिमानी सल्लाह बिचार गर्नोस्:

☐ आफ्ना नानीहरुलाई परमेश्वरको वचन सिकाउन आमाबाबुहरुलाई सहयोग गर्नुहोस् ।

☐ अरु साना नानीहरुलाई सिकाउने सेवकाइमा सहयोग गर्न, (शिक्षकहरुको सहायक बन्न), अरु सक्षम नानीहरु भेटाउनु होस् ।

- ☐ तिनीहरुको जीवनमा परमेश्वरको वचन प्रयोग गर्ने व्यावहारिक कार्यहरु गर्नको निम्ति नानीहरु अनि आमाबाबु सबैलाई सहयोग गर्नोस् ।

- ☐ आफ्ना नानीहरुलाई घरमा भन्नको लागि आमाबाबुहरुलाई बाइबल कथाहरुका सूचीहरु उपलब्ध गराइदिनु होस् । यो अध्ययनको अन्तमा सठीक कथाहरुको सूची तपाईंले पाउनु हुनेछ ।

यी सल्लाहहरुलाई राम्ररी बिचार गर्नोस्, अनि कुन चाहिँलाई तपाईंले अझ बढी विकास गर्न चाहनुहुन्छ चिन्ह लाउनु होस् ।

नानीहरुको लागि किन चिन्ता लिने ?

इसाई आमाबाबुहरुले निम्न प्रतिज्ञाहरु दाबी गर्दै आफ्ना नानीहरुको लागि प्रार्थना गर्दछन्: *"प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र तपाईंले उद्धार पाउनु हुनेछ– तपाईं र तपाईंका परिवारले ।"* (प्रेरित १६:३१) सबै नानीहरुले आदमबाट पतित स्वभाव लिएर आएको हुन्छ: *"...एउटा मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेको हुनाले सबै मानिसमा मृत्यु फैलियो ।... यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरु दण्डको भागीदार*

बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति छुटकारा र जीवन ल्याउँछ ।"

(रोमी ५:१२, १८)

यसकारण हामी देख्दछौं कि हरेक नानी स्वभावले पापी हो, अनि गलत कामहरु गर्दछ । *"किनकि सबैले पाप गरेका छन्, र पर मेश्वरको महिमारहित हुन गएका छन् ।"* (रोमी ३:२३) यसैकारण हामी हरेक बालकलाई उसको पाप स्वीकार गर्न, ईमान्दारपूर्वक पश्चाताप गर्न अनि उसको विश्वास येशू खीष्टमा राख्न सिकाउँछौं ।

येशू खीष्टद्वारा कुन नानीहरु बचाइनु खाँचो छ ?

☐ अइसाई घरहरुमा नराम्रो गरी हुर्काइएका नानीहरुलाई ।

☐ सबै नानीहरुलाई ।

"धर्मी कोही छैन, एक जना पनि छैन, बुझ्ने कोही छैन, पर मेश्वरलाई खोज्ने कोही छैन । ती सबै बरालिएका छन् । तिनीहरु एकसाथ बेकम्मा भएका छन् । कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन ।"

“यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ ।” (रोमी ३:१०-१२, २०)

जब कुनै मित्र अथवा आफन्तले उसलाई सुसमाचार सुनाउँछ अनि चेला बनाउँछ, निश्चय कुनै पनि बालक अथवा बालिकाले उसको हृदयमा येशू ख्रीष्टलाई ग्रहण गर्दछ, अनि उसको विश्वासमा लागिरहन्छ ।

एक नानीलाई सुसमाचार प्रचार गर्दा पालन गर्नु पर्ने अति मुख्य कुरो यो हो:

- ☐ सुसमाचारको निम्ति अति महङ्गा सामानहरु किन्ने ।
- ☐ शिक्षकहरुको लागि सचित्र बाल संगति सामाग्रीहरु उपलव्ध गराउने ।
- ☐ आमाबाबुहरु अथवा साथीहरुले उनीहरुलाई विश्वासमा ल्याउनेछन् ।

नानीहरुले प्रभु येशूलाई चिन्ने र पछ्याउने सर्वोत्तम उपाय चाहिँ उनीहरुकै आमाबाबु अथवा साथीहरुले जिम्मेवारी वहन गर्नु हो । धेरै नानीहरुको जिम्मेवारी भएका शिक्षकमाथि मात्र भर परेर हुँदैन ।

मेरी भतिजी चारुलाई उसको आत्मिकी जीवनमा वास्ता गर्ने कोही छैन । म उसको निम्ति प्रार्थना गर्नेछु । आइतबारको दिन, म सारा परिवारलाई हामीसँग मण्डलीमा जानको लागि बिन्ती गर्नेछु । यदि उनीहरु मान्दैनन् भने, म मेरी बहिनीलाई मेरा नानीहरुसँग चारुलाई चाहिँ पठाइदेऊ न त भनेर सल्लाह दिनेछु ।



मेरो छिमेकीका अट्टेरी नानीहरु मण्डली जाँदैनन् । म तिनीहरुलाई मेरो घरमा खाना खुवाउने गरी निम्त्याउने छु । म तिनीहरुलाई मेरा नानीहरुसँग र खेर दाऊद, दानिएल अनि प्रभु येशू खीष्टको कथा भन्ने छु ।



छिमेकीका नानीहरुको नाउँ लेख्नोस् जसले खीष्टलाई चिन्नु परेको छ:

कृपया गरी तिनीहरुको लागि लगातार प्रार्थनामा याद गरिदिनु होला ।

तिनीहरुको लागि कसले जिम्मेवारी लिन सक्ला ? मण्डलीका कुन सदस्यहरुले तिनीहरुका आफ्नै नानीहरुसित अरु नानीहरुलाई आफ्नै घरमा बोलाई बाइबलका कथाहरु भन्न सक्ला ? तिनीहरुलाई सोध्नको लागि तिनीहरुको नाउँ लेख्नोस्:

नानीहरुका शिक्षकलाई सहयोग गर्नको लागि कसले भिजुएल सामाग्री, नक्सा, पपेट, अनि हलुका खाजा तयार पारी देला ? (नानीहरुले सुनेर भन्दा पनि हेरेर अझ राम्ररी सिक्न सक्छन् ।) तिनीहरुका नाउँहरु लेख्नोस्:

नानीहरुलाई प्रभावशाली ढङ्गमा सुसमाचार प्रचार गर्नु

येशू ख्रीष्टलाई पछ्याउने नानीले साधारणतया तलका कुराहरु अनुभव गर्दछ:

- कुनै आफन्त अथवा साथीले उसलाई प्रेम गरी इसाई अनुशासन र नमूनामा हुर्काएको छ ।

- उसले अरु साना नानीहरुलाई चेला बनाउन सहयोग प्रदान गरेको छ ।

- उसले मण्डलीमा प्रेम, समझदारी अनि सहयोग पाएको अनुभव गरेको छ ।

- उ मण्डलीको सेवाहरु अनि क्लासहरुमा उपस्थित भएको छ, अनि उसले बुझ्न सक्ने शिक्षा सुनेको छ ।

- उसले ख्रीष्टलाई पाएको छ अनि बप्तिस्मा पनि लिएको छ ।

- उसलाई चेला बनाइएको छ ताकि उसले येशूका यी आज्ञाहरु पालन गर्न सकून् (उदाहरणको लागि,

पश्चाताप, विश्वास, बप्तिस्मा, प्रेम, प्रभुभोज, प्रार्थना, परमेश्वर वचन अध्ययन, दिनु, अनि अरुहरुलाई चेला बनाउनु)।

- उसले परमेश्वरको वचनबाट खण्डहरु अथवा पदहरु कण्ठ पारेको छ ।

येशूलाई जान्न र पछ्याउनको निम्ति नानीहरुलाई सबभन्दा बढी सहयोग गर्ने कुनै नौवटा अति मुख्य कुराहरु तल दिइएको सूचीबाट छान्नुहोस

अ) कसैले उसको लागि निरन्तर प्रार्थना गरिरहन्छ ।

आ) उसको आमाबाबुले उसलाई सिकाउँछ अनि एक असल नमूना प्रदर्शन गर्दछ ।

इ) उसले धर्मशास्त्रबाट मुख्य पदहरु कण्ठ पार्दछ ।

ई) उसको शिक्षकले डिप्लोमा लिएको छ ।

उ) उसले प्रार्थना गर्न, दिन, अनि प्रभुभोजमा सामेल हुन सिक्दछ ।

ऊ) उसले अरु साना नानीहरुलाई चेला बनाउँछ ।

ऋ) भेन्टिलेशन भएको ठूलो कोठामा मात्र क्लास भएको उसले मन पराउँछ ।

ए) कसैले उसलाई प्रेम गर्दछ, अनि उसलाई चेला बनाउनको निम्ति हरेक सातामा एक चोटि अथवा दुइ सातामा एक चोटि उसलाई भेट्दछ ।

ऐ) जब उ मण्डली जान्छ, उसले त्यहाँ प्रेमको अनुभव गर्दछ ।

ओ) उसले बाइबलमा भएका सबै राजाहरुको नाउँ कण्ठ पार्दछ ।

औ) जे सिकाइन्छ उसले त्यो बुझ्दछ, अनि उसको जीवनमा उसले व्यवहारमा ल्याउँछ ।

अं) उसले पश्चाताप गरेको छ अनि खीष्टमा पाप क्षमा पाएको छ, अनि बप्तिस्मा पनि पाएको छ ।

उत्तरहरुः डिप्लोमा, ठूलो भेन्टिलेशन अनि राजाहरुको नाउँ कण्ठ गर्ने बाहेक अरुहरुमा तपाईंले चिन्ह लगाएको हुनुपर्छ ।

परमेश्वरको अघि, नानीहरुलाई सुसमाचार सुनाउन मुख्य जिम्मेवारी व्यक्ति को हो ? (हेर्नोस् एफिसी ६:४)

☐ मण्डली ।

☐ आमाबाबु ।

आमाबाबुले तिनीहरुको नानीहरुलाई ख्रीष्टमा डोऱ्याउनु पर्छ अनि विश्वासमा हुर्काउनु पर्छ । (हेर्नोस् व्यवस्था ६:४-९ अनि यहोशू २४:१५) तरै पनि, कतिपय आमाबाबुहरुले यो जिम्मेवारी वहन गर्दैनन्, अनि मण्डलीले तिनीहरुलाई यो जिम्मेवारी उठाउने काममा सहयोग प्रदान गर्नुपर्छ । अझै पनि तिनीहरु चुके भने, मण्डलीले नै यो जिम्मेवारी लिएर उनीहरुको निम्ति पूरा गरिदिनु पर्ने हुन्छ ।

येशू ख्रीष्टको बारेमा बाइबल कथाहरु सुन्दा, नानीहरुले आफैले उहाँलाई जान्न थाल्नेछन् । आमाबाबु अनि शिक्षकहरुले नानीहरुलाई तिनीहरुको जीवन प्रभुमा सुम्पन सहयोग पुऱ्याउने छन् । यही उद्देश्य पूरा गर्नको निम्ति,

हामीले व्यक्तिगत रुपमा आमाबाबु अनि शिक्षकलाई निम्न कुराहरुको निम्ति सहयोग गर्नुपर्छ:

१. नानी आफ्नो पापको कायल हुन सकून् अनि उसको परिवार र उ स्वयंको निम्ति येशूको मृत्यु र पुनरुत्थानको मूल्य पवित्र आत्माले देखाइदिऊन् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस् ।

२. कन उसले उद्धार पाउन खाँचो छ भनी बालकलाई बुझाइदिनोस् (उसको पापको कारण: रोमी ३:२३, प्रकाश २१:२७)।

३. बाइबलका कथाहरु भन्नु होस् ताकि हरेक बालकले येशू खीष्ट एक व्यक्ति हुनुहुन्छ भनी जान्ने छ । तिनीहरुले उहाँको जन्म, करुणामय आश्चर्यकर्महरु, नानीहरुको निम्ति उहाँको प्रेम, अनि सबै पापलाई उहाँले घृणा गर्नुहुन्छ भनी जान्नेछन् ।

४. येशूलाई पक्डिएको, जाँच गरिएको, क्रूसीकरण भएको, पुनरुत्थान र महिमामा चढिजानु भएको कथाहरु भन्नुहोस् । एक साँचो विश्वासीले खीष्टको पुनरुत्थानको साक्षी अवश्य दिन्छ । (रोमी १०:९-१०)

५. नानीहरुलाई प्रार्थना गर्न, अनि तिनीहरुको जीवन प्रभुमा सुम्पन सहयोग गर्नु होस् ।

नानीहरुलाई चेला बनाउनु होस्

एउटा सानो नानीले आफ्नो पापको पश्चाताप गरेर येशू खीष्टमा विश्वास गर्ने बित्तिकै, उसलाई प्रभु येशू खीष्टको अरु आज्ञाहरु पालन गर्न सिकाउन थालिहाल्नु पर्दछ । उसका आमाबाबु अथवा कसैलाई यसो गर्न हामी सहयोग गर्दछौं । यदि उसको बाबुआमाले यसो गर्दैन भने, कुनै जिम्मेवार अनि प्रेमिलो जवान व्यक्ति अथवा कुनै ठूला नानीले उसलाई चेला बनाउन सक्छ ।

उसलाई यसो गर्न सिकाइन्छः

- दिनहुँ प्रार्थना गर्न ।
- बप्तिस्मा लिन (यदि यो काम अघि नै भएको छैन भने)।
- उसले के दिन सक्छ सो दिन (यदि उसित पैसा छैन भने उसले अरु प्रकारले जस्तै सफा गर्नु सघाएर पनि सहायता गर्नसक्छ)।
- उसले गरेका भूलहरु प्रभुमा मानिलिएर प्रभुभोजमा सामेल हुने, अनि अरु विश्वासीहरुसितको संगतिमा खीष्टको उपस्थिति थाहा गर्ने ।
- बाइबल पढ्ने अनि उसको जीवनमा लागू गर्ने ।

नानीहरुलाई चेला बनाउन चाहनेहरु सबैलाई केही सल्लाहः

- हरेक बालकको आत्मिकी उन्नतिको निम्ति जिम्मेवारी बन्ने ।

- हरेक नानीसित मित्रता कायम गर्ने ।

- के कस्तो भइरहेछ भनी सोध्न अनि उसलाई प्रभुको आज्ञाहरु पालन गर्न सहयोग गर्न हरेक बालकसित सातामा अथवा दुइ सातामा एक चोटि व्यक्तिगत रुपमा भेट गर्नोस् ।

- इसाई सेवा अनि फूर्सतको समयमा अरुहरुसित सहभागी हुनुहोस् ।

- इसाईको हैसियतमा तिनीहरुको व्यक्तिगत साक्षीहरु अनि अनुभवहरु बाँडन लाउनु होस् ।

- क्लासमा अनि सातामा सँगै समय बिताउनुहोस् ।

- प्रार्थना गर्न अनि इसाई जीवन जिउन हरेक बालकलाई सहयोग गर्नुहोस् ।

- कुनै समस्या भएको नानीलाई सहयोग गर्नुहोस् ।

नानीहरुले वयस्कहरुको सेवामा पनि भाग लिन सक्छन् । तर उसकै उमेरकाहरुको निम्ति भएको क्लासमा पनि उसले भाग

लिनु पर्छ। नानीहरुका यी सभाहरु घरमा अथवा कुनै पनि सभा लाउन मिल्ने ठाउँमा साताको कुनै दिन राख्न सकिन्छ।

नानीहरुको लागि असल शिक्षकहरु खोज्नु होस्

आफूलाई नानीहरुको भाषा र तरिकामा ढाल्न सक्ने शिक्षकहरु खोज्नु होस्। तिनीहरुलाई निर्देशन दिन यो पुस्तिका प्रयोग गर्नुहोस्।

नानीहरुलाई परमेश्वरको बाटोमा अगुवाइ गर्नको निम्ति अनि उनीहरुको लागि नमूना बन्नको निम्ति, मण्डलीले आमाबाबु अनि शिक्षकहरुको लागि प्रार्थना गरिदिनु पर्छ।

मण्डलीका अगुवाहरुले खीष्टमा ईमान्दारपूर्वक विश्वास गरी प्रभु र मुक्तिदाता मानिलिने, बप्तिस्मा भएको, हरेक कुरोमा प्रभुको आज्ञा पालन गर्ने, अनि उनीहरुको विद्यार्थीहरुको लागि

असल नमूना बन्न सक्ने शिक्षक-शिक्षिकाहरुको निम्ति अनुमोदन गरिदिनु पर्छ ।

एक ज्ञानी शिक्षक एक असल चेला बनाउने व्यक्ति पनि हो (अथवा अरु यस्तै सहयोगी खोज्दछ)। उनले नानीहरुको लागि व्यक्तिगत अनि विशेष रुपमा प्रार्थना गरिदिन्छ । तिनीहरुको खाँचो पत्तो लाउन उसले तिनीहरुलाई भेट्न जान्छ, अनि तिनीहरुको खाँचो बाइबलीय ढङ्गमा पूरा गरिदिन्छ । उसले आफ्ना विद्यार्थीहरु अनि अरु सेवकहरुसित रहेर जिएको उसको जीवन, उसको मुस्कान, अनि उसको मित्रताद्वारा तिनीहरुलाई ख्रीष्टको प्रेम प्रदर्शन गर्दछ ।

एउटा सानो नानीले उसलाई सिकाएको कुराहरुमध्ये धेरै बिर्सिहाल्छ । तर हाम्रो प्रेम चाहिँ तिनीहरुको हृदयमा पवित्र आत्माद्वारा कुँदिएको हुन्छ

हरेक शिक्षकले नानीहरुलाई चेला बनाउन सक्ने सहयोगीहरु छान्न सक्छन् ।

कतिपय नानीहरु नै शिक्षकको सहयोगी बन्न सक्छन् । तिनीहरुले पाठ तयार पार्नको लागि अघिबाटै शिक्षकलाई भेट्न सक्छन् । तिनीहरुले पाठको भागहरु सिकाउन सक्छन्, अनि अरु नानीहरुले चाहिँ सानाहरुलाई चेला बनाउँदै तिनीहरुको गृहकार्यमा सहयोग पुऱ्याउन सक्छन् ।

नानीहरुलाई सिकाउँदा पालन गर्नुपर्ने सिद्धान्तहरु

याद गर्नोस्: आमाबाबु, शिक्षकहरु अनि तिनीहरुका सहयोगीहरुले यी सिद्धान्तहरुमध्ये धेरै जसोलाई पालन गर्नुपर्छ ।

पहिलो सिद्धान्त
एक उद्देश्य राखेर सिकाउनु होस्

विद्यार्थीहरुको खाँचोहरु पत्ता लाउनु होस् । जब शिक्षकले विद्यार्थीको खाँचो बुझ्दछ तब मात्र उसले राम्ररी सिकाउनु सक्दछ ।

सबै इसाई शिक्षाको मुख्य उद्देश्य विद्यार्थीहरुले परमेश्वरलाई प्रेम गर्न र उहाँको आज्ञा पालन गर्न सिकाउनु हो । हरेक बालकको निम्ति हामीले यी लक्ष्यहरु राख्नु पर्छ:

- पहिलो, उसले आफ्ना पापहरु मानिलिन्छ, अनि ख्रीष्टलाई प्रभुको रुपमा ग्रहण गर्दछ ।

- दोस्रो, उसले ख्रीष्टका आज्ञाहरु पालन गर्दछ । (मत्ती २८:१९-२०)

- तेस्रो, उसले बाइबल जान्दछ अनि आफ्नो जीवनमा लागू गर्दछ ।

- चौथो, विश्वासमा उसको वृद्धि र परिपक्वताको निम्ति सहायता पाउन उसले पवित्र आत्मामा भरोसा राख्दछ ।

शिक्षाको निम्ति यो सार्वजनिक लक्ष्य हुनुको साथसाथै हरेक पाठको पनि एक विशेष लक्ष्य हुन्छ। यो चाहिँ नानीहरुको खाँचो अनुसार लिनुपर्छ। हरेक शिक्षकको निम्ति बाइबलका कथाहरुको प्रतिहरु बनाउनु होस्। हरेक बालकले कुनै पनि विशेष खाँचोको निम्ति उसको शिक्षक र शिक्षकका-सहयोगीहरुबाट विशेष सहयोग प्राप्त गर्दछ।

नानीहरुको सार्वजनिक खाँचो

खाँचो

कुनै नानीको कुनै साथीहरु नहोलान्।

कसरी चाल पाउनु

नानी एकलै बसिरहेको हुन्छ, अथवा पहिलो पटक आएको हुन्छ।

यसलाई कसरी सुल्झ्याउनु

चेला बनाउने सहयोगी नानीसँग बात गर्दछ, अनि उसले अरु नानीहरुसित परिचय गराइदिन्छ। शिक्षक यी कुराहरु झुण्डमा स्वागत गर्नको निम्ति भन्दछ।

खाँचो

धेरै नानीहरु स्वार्थी छन् ।

कसरी चाल पाउनु

तिनीहरुले सहयोग गर्दैनन्, झगडा पर्दछन्, अथवा तिनीहरुका आमाबाबुले लगातार सच्याइरहनु पर्दछ ।

यसलाई कसरी सुल्झ्याउनु

सारा क्लासलाई प्रेम सम्बन्धी बाइबल कथाहरु (रुथ, दाऊद र जोनथनबीचको प्रेम, दाऊद र मेपिबोसेथ, इत्यादिको बारेमा) सिकाउनु होस् । नानीहरुले आफ्ना आफन्तहरु, स्कूलमा अनि तिनीहरुको मित्रहरुलाई प्रेम देखाउनको निम्ति के के गर्नेछन् भनी सोध्नुहोस् । जब एक बालकले यी कुराहरु व्यवहार ल्याउन थाल्छन्, तब यस विषयमा एक सहयोगीले यो खण्ड पछि दिइएको चेलापन सूचीमा लेख्न थाल्नेछ ।

खाँचो

कति नानीहरुले अझ पनि येशूलाई चिनेका छैनन् ।

कसरी पत्ता लाउनु

आमाबाबु, आफन्त, मित्र अथवा सहयोगी शिक्षकले हरेक बालकसित, अनि उसका आमाबाबुसित पनि, उसको विश्वासबारे कुरा गर्नेछन् ।

यसलाई कसरी सुल्झ्याउनु

यदि एक वा दुइ विद्यार्थीहरुको मात्र खाँचो हो भने, एक सहायक शिक्षकले तिनीहरु अनि उनीहरुको आफन्तहरुलाई उनीहरुकै घरहरुमा सुसमाचार प्रचार गरेर सुल्झ्याउने प्रयास गर्नेछन् । जब एउटा बालकले खीष्टलाई चिन्नेछ, तब उसलाई चेलापनको सूचीमा दर्ता गरिने छ । यदि धेरैको नै यो खाँचो हो भने, सारा क्लासलाई यो विषयमा सिकाइने छ । येशूबारे बाइबल कथाहरु भनिने छ । त्यसपछि, हरेक बालक अनि तिनीहरुको मातापितासित पनि व्यक्तिगत रुपमा बातचीत गरिने छ । खीष्टमा पाइने मुक्तिको विषयलाई वर्षमा दुइ चोटि सिकाइने छ ।

खाँचो

धेरै ठूला नानीहरुले अझ पनि बप्तिस्मा लिएका छैनन् ।

कसरी पत्ता लाउनु

एक सहायक शिक्षकले त्यस नानीलाई अथवा उसका मातापितालाई उसले बप्तिस्मा लियो कि लिएन भनी सोध्ने छ ।

यसलाई कसरी सुल्झ्याउनु

बप्तिस्मा सम्बन्धी बाइबल कथाहरु भन्ने अनि छलफल गर्ने । सहायक शिक्षकहरुले बप्तिस्माको लागि आमाबाबुसित मिली प्रवन्ध मिलाउने छन् । जब यो काम सकिन्छ, चेलापनको सूचीमा यो लेखिने छ ।

खाँचो

बप्तिस्मा लिएको नानी अझसम्म पनि प्रभुभोजमा सहभागी भएको छैन ।

कसरी पत्ता लाउनु

उसले प्रभुभोजमा भाग लिइरहेको छ कि छैन भनी त्यही नानी अथवा उसका आमा-बाबुहरुलाई सोधिने छ ।

यसलाई कसरी सुल्झ्याउनु

निस्तार चाडको बारेमा (अनि मिश्रबाट निकालेर ल्याएको सम्बन्धमा), साथै प्रभुभोजको स्थापनाको बारेमा

पनि पढिदिने । नानीहरुलाई आफ्ना आमाबाबुसँग प्रभुभोजमा जानको लागि व्यवस्था मिलाउने । यो पनि चेलापनको सूचीमा लेख्ने ।

खाँचो

कतिपय नानीहरुले आधारभूत शिक्षा पनि जान्दैनन् ।

कसरी पत्ता लाउनु

समय समयमा नानीहरुलाई आधारभूत शिक्षाहरुको बारेमा सोधिरहने ।

यसलाई कसरी सुल्झ्याउनु

सिद्धान्तसित सम्बन्धित पुरानो अनि नयाँ करारका खण्डहरु पढिदिने । नानीहरुले बाइबल इतिहाससित सम्बन्धित विषयका नाटकहरुमा भाग लिन्छन् । सिद्धान्तहरु नानीहरुको जीवनसित सम्बन्धित हुनुपर्छ । जब कुनै पनि नानीले तोकिएको कामहरु (जस्तै पद कन्ठ गर्ने, इत्यादि) गरिसक्छ, तब चेलापनको सूचीमा लेखिने छ ।

निम्नलिखित चेलापन सूचीमा, नानीहरुले बुझ्न सक्ने तह, अनि उसले उसको मानसिक उमेर तथा आत्मिकी विकासअनुसार अरुसित कति बाँडचुड गर्न सक्छ त्यो दिइएको छ। हामी आशा राख्दछौं कि वर्षैपछि, त्यो नानी प्रभुको प्रेम र ज्ञानमा बढ्दै जाने छ।

चेलापन सूची अनि लक्ष्यहरु

हरेक बालकको निम्ति राखिएको लक्ष्यलाई वृद्धि गर्न निम्नलिखित सूची बनाइराख्नोस्। जब बालकले ती पूरा गरि सक्छन्, तब तिनमा चिन्ह लाउनोस्।

नानीको नामः _____

- ☐ "ख्रीष्टलाई उसको प्रभु र मुक्तिदाता भनी ग्रहण गरेको छ।"
- ☐ कुनै पनि वर्तमान पापलाई परमेश्वरको अघि मानिलिन्छ अनि त्यसबाट टाडो हुन्छ।
- ☐ बप्तिस्मा लिएको छ।
- ☐ प्रभुभोजमा भाग लिन्छ।
- ☐ दिनहुँ प्रार्थना गर्दछ।

- ☐ घरमा प्रेम देखाउँछ ।
- ☐ उसका मित्रहरुलाई प्रेम देखाउँछ ।
- ☐ बाइबलका मुख्य पदहरु कन्ठ पारेको छ ।
- ☐ भेटीहरु दिन्छ ।
- ☐ खीष्टको निम्ति साक्षी दिन्छ ।
- ☐ आफूभन्दा साना नानीहरुलाई चेला बनाउँछ ।
- ☐ येशूको जन्मबारे बताउन सक्छ ।
- ☐ येशूको परीक्षाबारे बताउन सक्छ ।
- ☐ येशूका आश्चर्यकर्महरुबारे बताउन सक्छ ।
- ☐ येशूको मृत्युबारे बताउन सक्छ ।
- ☐ येशूको पुनरुत्थानबारे बताउन सक्छ ।
- ☐ उसको सामाजिक कर्त्तव्यहरु पूरा गर्दछ ।
- ☐ मण्डलीमा सेवकाइ पाएको छ ।

निम्न कुराहरु जान्दछ अनि अरुलाई बताउन सक्छः

- ☐ येशूको मानवता ।
- ☐ येशूको ईश्वरत्व ।
- ☐ येशूको स्वर्गारोहण ।
- ☐ पवित्र आत्माको आगमन ।
- ☐ पवित्र आत्माको काम ।
- ☐ त्रिएकत्व ।
- ☐ मण्डली के हो ।
- ☐ पापको शुरुवात ।

नानीले अब अर्को कुन कदम चाल्नु पर्ने हो शिक्षकले सधैं थाहा गर्ने प्रयास गर्दछ अनि चेलापन सूचीमा विद्यार्थीको प्रगतिलाई लेखिराख्छ । यो सूची प्रयोग गरेर, उसले बालकको व्यावहारिक कार्यमा भएको प्रगतिलाई नाप्न सक्छ, अनि बालकले येशूको आज्ञा पालन गरिरहेको छ कि छैन अनि उसले अझ अरु के जान्नु खाँचो छ भनी जान्न सक्छ । यसरी हरेक विद्यार्थीलाई चाहिएको शिक्षा निधो गर्न सकिन्छ ।

टिप्पणी: जसले ठूलाहरुलाई सिकाइरहेका छन्, उनीहरुले पाष्टरीय तालीम पुस्तिका नम्बर ६१ "तपाईको मण्डलीका शिक्षण कार्यक्रम" मा चेलापन लक्ष्य पनि गाभ्न सक्नुहुन्छ ।

नानीको आवश्यकता अनुसार हामीले उनीहरुलाई सिकाउनु पर्छ। यदि नानीले पहिल्यै बप्तिस्मा पाइसकेको छ भने, उसको निम्ति मुक्तिका प्रथम सिद्धान्तहरु दोहोऱ्याइरहनु उचित छैन। उसलाई के गर्न हामीले सहयोग गर्न सक्छौं ? तपाईंको उत्तरको निम्ति हिब्रू ६:१-२ अनि मत्ती २८:१८-२० हेर्नोस्।

यदि विद्यार्थी अझ पनि विश्वासी होइन, अथवा विश्वासमा नयाँ छ भने, हामी उसलाई उसले बुझ्न नसकेको कुरा अध्ययन गर्न जबर्जस्ती गर्दैनौं। किन नगर्ने ?

अविश्वासीहरुलाई चाहिँ हामीले सुसमाचारबाट सिकाउनु पर्दछ। (सबै पापलाई सजाय दिनुहुने एउटै परमेश्वरको प्रेम अनि पवित्रता, ख्रीष्टको मृत्यु अनि पुनरुत्थान, अनि उहाँलाई मुक्तिदाता भनी ग्रहण गर्नेहरुलाई अनन्त क्षमादानबारे सिकाउनु पर्दछ।)

कुनै वयस्कले झैं एक बालकले पनि येशू ख्रीष्टलाई मुक्तिदाता र प्रभु भनेर जाने पछि मात्र उसले आत्मिकी कुरा हरु बुझ्नसक्छ। किन ? हेर्नोस् १ कोरन्थी २:९-१६

नानीहरुको खाँचो जेजस्तो छ त्यसलाई वास्ता गर्दै जब सिकाइन्छ, तब बाइबल अध्ययनद्वारा नानीहरुको लागि आत्मिक उन्नति हुनजान्छ।

दोस्रो सिद्धान्त
सठीक समयमा तयार पार्ने

नानी स्वयंले आफ्नो समस्या र खाँचो बुझी सुल्झ्याउन सक्ने बनाउन हामीले आफैलाई तयार पार्दछौं।

ज्ञानी शिक्षकले कम्तिमा एक साता अघिदेखि नै तयार गर्न थाल्छ। सबै कुरा अन्तिम क्षणमा गर्नु भनेको धर्मशास्त्र अनि विद्यार्थीलाई अनादर गर्नु जतिकै हो। शिक्षकहरुले राम्ररी पाठ तयार पारुन् भन्ने परमेश्वर चाहनुहुन्छ (१ तिमोथी ४:१३,

२ तिमोथी २:१५)। पहिला प्रार्थना गर्नोस् । बढो होशियारीपूर्वक बाइबलबाट उचित खण्ड पढ्नुहोस् । वचनलाई विद्यार्थीहरुको खाँचो अनुसार प्रयोगमा ल्याउनु होस् ।

विषय-वस्तुलाई प्रस्तुत गर्न शिक्षकले सर्वोत्तम उपाय चुन्छ, जस्तै, कथा भन्ने, प्रश्नहरु सोध्ने, छलफल गराउने, केही दूर ीसम्म सँगै हिँड्ने, इत्यादि । बाहिर देखिन सकिने कुर ाहरुमाथि टिप्पणी गर्न यस प्रकारका भिजुएल सामाग्रीहरु प्रयोग गर्नुहोस्:

- नक्साहरु,
- श्यामपट,

- शिक्षणलाई स्पष्ट पार्ने वस्तुहरु,
- छोटो नाटकहरु,
- फ्ल्यानल ग्राफ,
- सचित्र कविता,
- खेलाहरु,
- निश्शब्द अभिनयहरु,
- इत्यादि ।

जरुरी: हामीले जे सुन्दछौं त्यसको १० प्रतिशत मात्र, जे देख्दछौं त्यसको ५० प्रतिशत, तर जे गर्दछौं त्यसको ८० प्रतिशत सम्झन सक्छौं ।

कहिले चाहिँ शिक्षकले क्लासमा सिकाइने पाठ शुरु गर्न थाल्नु पर्ला ?

शिक्षकहरुलाई कम्तिमा एक साता अघिदेखि नै तयार गर्न प्रोत्साहित गर्नु होस् । हरेक विद्यार्थी र उसको खाँचोको निम्ति प्रार्थना गर्नोस् ।

नानीले येशू ख्रीष्टलाई ग्रहण गर्न, उहाँका आज्ञाहरु पालन गर्न, अनि उसको परिवार र स्कूलमा भएका साथीहरुलाई प्रेम गर्न सहायता पुऱ्याउन सकौं भनी प्रभुबाट ज्ञान पाउनको निम्ति हामी प्रार्थना गरौं ।

अध्ययनको लागि तयारी गर्दा, शिक्षकले तीन कदमहरु चाल्दछन्:

१. विद्यार्थीको जीवनमा उसको खाँचो अनुसार प्रयोग गर्न, उसले बढो प्रार्थनासहित बाइबलका खण्डहरु अध्ययन गर्दछ ।

२. प्रस्तुत गर्नु पर्ने तरिकाहरु (कथाहरु, गीत, चित्रहरु, इत्यादि) छान्छ अनि तयारी गर्दछ ।

३. विद्यार्थीहरुको व्यावहारिक अभ्यास गरियो कि गरिएन त्यो पत्ता लाउने उपाय निकाल्छ ।

क्लास शुरु हुनुभन्दा अघि नै, शिक्षकहरुले कोठा, अनि उनीहरुलाई चाहिएको हरेक थोक (नोटबुक, बाइबल, पेन्सिल, कैंची, इत्यादि) तयारी गर्दछ ।

तेस्रो सिद्धान्त
स्पष्ट अनि रोचकपूर्ण ढङ्गमा पाठ प्रस्तुत गर्दछ

ठूलाहरुले जतिकै लामो समयसम्म नानीले ध्यान लाउन सक्तैनन् । असल शिक्षकहरुले नानीहरुलाई वाक्क लाग्ने गरी अनि उनीहरुको ध्यान पनि अन्तै लाग्ने गरी लामो समयसम्म भाषण दिइरहँदैन ।

शिक्षण भनेको पाठ पढिदिने मात्र होइन । अति मुख्य बुँदा मनमा राखेर स्पष्ट अनि जोडसँग बोल्नु पर्छ ।

नानीहरुसित प्रेम र न्यानो मुस्कानसहित बोल्नु होस् । तपाईं बोल्दै गर्नु हुँदा तिनीहरुको बारेमा सोंच्नु होस् । यदि शिक्षकहरुले उनीहरुले पढाउनु पर्ने पाठ मात्र सोचिरहन्छन् भने, नानीहरुलाई वाक्क लाग्न थालिहाल्छ, अनि उनीहरुको

लागि त्यो पढाइ त्यति महत्त्वपूर्ण ठहर्दैन । एक ज्ञानी शिक्षकले पवित्र आत्मासँग शिक्षक अनि विद्यार्थी दुवैको निम्ति जोडसँग प्रार्थना गर्दछ ।

कुनै पनि बालकले उसको उमेर बराबरको समयसम्म मात्र कुनै पनि क्रियाकलापमा मन लाउन सक्छ । उदाहरणको लागि, सात वर्षको नानीले लगभग सात मिनटसम्म मात्र ध्यान लाउनसक्छ । यसपछि, उसको निम्ति अर्कै काम अथवा क्रियाकलाप गरिदिनु पर्ने हुन्छ ।

नानीहरुले शिक्षकको पढाइलाई भन्दा प्रेमलाई बढी मन पर ाउँछन् ।

विद्यार्थी आफैले पाउन सक्ने कुरो ज्ञानी शिक्षकले पढाइरहँदैन । उदाहरणको लागि, हामीले रोमी ८ अध्यायलाई प्रवचनको रुपमा सिकाउनु हुन्न, किनकि नानीहरुमा त्यति लामो समयसम्म सुन्न सक्ने क्षमता नै हुँदैन । बरु यसरी उनीहरुको ध्यानाकर्षण गर्न सकिन्छ: "हामीले रोमीको एक भाग, अध्याय ८ पढ्दा, पवित्र आत्माले गर्नु हुने कम्तिमा तीन कुराहरुलाई हामी पत्ता लगाऔं ।"

त्यही प्रकारले, यसो भन्नु असल होला: "इम्माले प्रेरित १० अध्यायबाट पत्रुस र कर्नेलियसको बारेमा भन्दै गर्दा सिजरि यामा मण्डली स्थापना गर्दा के के भयो भनी बुझौं ।"

प्रस्तुति छोटो होस् । साना नानीहरुको लागि तीन वा चार मिनटको कथा भनिदिएर यो उनीहरुको जीवनमा प्रयोग गरि दिए पुग्छ । त्यसपछि, नानीहरुलाई केही कुरो गर्नलाई दिनुपर्छ:

- पदहरु कन्ठ गर्ने
- नक्साहरु रङ्गाउने

- कविताहरु अथवा कोरसहरु सिक्ने
- अध्ययन सम्बन्धी अरु कुराहरु गर्ने
- नाटकमा अभिनय गर्ने, इत्यादि ।
- _____
- _____
- _____

चौथो सिद्धान्त
नानीहरुलाई व्यवस्थित ढङ्गमा राख्ने

चकचक गर्ने नानीहरुले अरुहरुलाई पनि सिक्नबाट वञ्चित गर्दछन् । शिक्षकले यस्तो कुरा त्यसै हेरिरहनु हुँदैन । अरु जिम्मेवारी नानीहरुलाई यस्तो अवस्थामा सहयोग माग्नुपर्छ । शुरुदेखि नै, प्रेममा, ध्यान लाएर, पनपक्ष नबनीकन, अनि दृढतापूर्वक सुधार गरौं । यदि खराब व्यवहारलाई वास्ता गरेनौं भने, नानीहरुले शिक्षकहरुको आदर गर्ने छैनन् ।

अव्यवस्थितहरुलाई सुधार गर्ने तरिकाहरु:

- बोल्न छोड्नु होस् । चुपचाप नानीलाई हेर्नुहोस् । उ चुप नभईञ्जेल पर्खिरहनु होस् ।

- अट्टेरी बालकलाई सानो स्वरमा (कहिल्यै नचिच्याउनु होस्) भन्नु होस्: "तिमीले के गर्दै थियौ ?" अनि "के तिमीले परमेश्वरको उपस्थितिमा त्यस्तो व्यवहार गर्नु मिल्छ ?" उसलाई उत्तर दिन लाउनु होस् । उसले आफ्नो भूल मानिलिनु पर्छ, अनि आफ्नो व्यवहारलाई बिचार गर्नुपर्छ ।

- उसको बाबुसित उसको व्यवहारबारे कुराकानी गर्नोस् ।

  उसलाई शिक्षकको नजीकमा बसाउनु होस् ।

- यदि उसमा निकै फूर्तिलोपन भए, उसलाई केही कामलाग्दो कुरो गर्नलाई दिनुहोस् । तपाईंलाई अथवा अर्को कुनै विद्यार्थीलाई सहयोग गर्न अह्राउनु होस् ।

- तपाईंको मित्रतामा खलल नपार्न उसित मात्र बात गर्नोस् । क्लासलाई सहयोग गर्नको निम्ति उसलाई भन्नुहोस् ।

नानीहरुको लागि सजिलो अनि आकर्षक ठाउँ तयार पारिदिनु होस् । यदि कोठा अति गरम भए, वा अति ठण्डा भए, अथवा बस्ने ठाउँहरु पर्याप्त छैन भने, विद्यार्थीहरुले ध्यान लाएर पढ्न सक्तैनन् ।

पाँचौं सिद्धान्त
विद्यार्थीहरुको जीवनमा परमेश्वरको वचन प्रयोग भएको होस्

विद्यार्थीले पढाइसित सम्बन्धित व्यावहारिक कार्य नै गर्न मन पराउँछ ।

यदि बालकले केवल अध्ययन गर्न सिक्छ भने, कुनै फाइदाको हुने छैन । किन ? (याकूब १:२२)

शिक्षक अनि विद्यार्थीहरुले अध्ययनलाई उनीहरुको जीवनमा अभ्यास गर्दछन् । उनीहरुले परमेश्वरको निम्न आज्ञाहरु पालन गर्दछन्:

- तिनीहरुले खीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाता अनि प्रभुको रुपमा ग्रहण गर्दछन् ।

- तिनीहरुले बप्तिस्मा लिन्छन् अनि प्रभुभोजमा सामेल हुन्छन् ।

- तिनीहरुले आफ्ना भेटीहरु अनि अरु सहभागिताद्वारा मण्डलीलाई सहयोग गर्दछन् ।

- तिनीहरुले खीष्टको निम्ति साक्षी दिनेछन् अनि मण्डलीका क्रियाकलापहरुमा सहभागी बन्नेछन् ।

- तिनीहरुले खीष्टको प्रेम घरमा, स्कूलमा, अनि सबै ठाउँमा आफ्नो जीवनबाट देखाउने छन् ।

- तिनीहरुले बिरामी अनि खाँचोमा परेकाहरुलाई सहयोग गर्नेछन् ।

बाइबल शिक्षकको लक्ष्य के हुनुपर्छ भने जतिसुकै सानो रुपमा भए पनि, हरेक विद्यार्थीले प्रभुको निम्ति काम गर्नुपर्छ । उदाहरणको निम्ति, ठूला नानीहरुले अघि नै जानिसकेका कुराहरु सानाहरुलाई सिकाएर उनीहरुले शिक्षकहरुलाई सहयोग गर्नेछन् । अरु नानीहरुले साथीहरुलाई साक्षी दिनेछन् । अरु कतिपयले चाहिँ तिनीहरुका मित्रहरु अनि छिमेकीहरुलाई व्यावहारिक रुपमा खीष्टको प्रेम प्रकट गर्नेछन् ।

सुनेर मात्र कसैले पनि राम्रो काम गर्न सक्दैन । गोली खेल्ने व्यक्तिले पुस्तकमा कसरी राम्ररी खेल्ने भन्ने बारेमा पढेर मात्र खेल्न सिक्दैन ।

बाइबलले हामीबाट यही चाहन्छ कि हामीले वचन साथै उदाहरणबाट सिकाऔं । हरेक पाठको अन्तमा हामीले सम्बन्धित अभ्यासको काम राखिदिएका छौं । याकूब १:२२ ले हामीलाई आज्ञा गर्दछ:

“तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ ।”

किन हरेकले अध्ययन साथसाथै अभ्यासको काम गर्नुपर्छ ?

हरेक अध्ययनसँग व्यावहारिक रुपमा गर्नुपर्ने काम हुन्छ, ताकि हरेक बालकले केही परिणाम निक्लने केही विशेष कुरो गर्ने मौका पाउँछ। उ ता वचन सुन्ने मात्र होइन। यदि कुनै इसाईले प्रभुको लागि केही काम गर्दैन भने, उसले आफैलाई धोखा मात्र दिन्छ।



यदि यी तीनको साङ्लोमा कुनै भत्कियो भने, त्यो साङ्लो काम लाग्दैन। यदि शिक्षकले राम्ररी तयारी गरेको छैन भने, सिकाउनुको अर्थ नै के रहचो र ?

यदि शिक्षकले राम्ररी तयारी गर्छ र उसको शिक्षालाई प्रयोगमा ल्याउँछ भने, उसको शिक्षाले नानीहरुलाई निर्माण गरिरहेको हुन्छ । यदि कुनै विद्यार्थीले अभ्यासको काम गर्दैन भने, किन त्यो विद्यार्थीको निर्माण हुनसक्तैन ?

विद्यार्थीहरुको जीवनमा परमेश्वरको वचनलाई अभ्यासमा लगाउनु नै सबै इसाई शिक्षाको लक्ष्य हो ।

हरेक पाठको तीन आवश्यक तत्त्वहरु के के हुन् ?

१. त_____

२. प्र_____

३. अ_____

हरेक अध्ययनको निम्ति तयारी, प्रस्तुति अनि अभ्यास हुनु जरुरी छ ।

तयारी भन्नाले प्रार्थना, नानीहरुको खाँचो पत्ता लाउनु, बाइबलको खण्ड अध्ययन गर्नु, अनि प्रस्तुतिको तयारी गर्नु (प्रस्तुतिको केही भाग सहयोगीहरुलाई दिने, भिजुएल सामाग्रीहरु, खेलाहरु, इत्यादि) भन्ने बुझिन्छ ।

प्रस्तुति भन्नाले जे तयारी गरिएको त्यो सिकाउने, बुझ्यो कि बुझेन अनि बुझेको कुरा तिनीहरुको जीवनमा लागू गऱ्यो कि गरेन भनी प्रश्नहरु सोध्ने । यदि कुनै विद्यार्थीले अझसम्म कुनै प्रश्नको उत्तर दिएको छैन भने, उसलाई सरल प्रश्नहरु सोध्नु होस् ।

अभ्यास भन्नाले सिके अनुसार विद्यार्थीले जे गर्दछ त्यही बुझिन्छ । यो प्रस्तुतिमा नै बुझाउने काम गरिन्छ । विद्यार्थीले वास्तवमा के गर्नुपर्छ भनी शिक्षकले बुझाइदिन्छ । तुरन्तै अभ्यास नल्याइने हो भने कुनै पनि बाइबलीय सिद्धान्त नसिकाए हुन्छ । कहिले-काहीँ कतिपय कुराहरु नानीले घरमा नै गर्नसक्छ । कति पटक चाहिँ उसले आफ्ना आमाबाबुसित, साथीहरुसित अथवा साना विद्यार्थीहरुसित बाइबलको कथालाई प्रयोगमा ल्याउनु सक्छ । उनीहरुले सिकिरहेका कुराहरु कसरी प्रयोग गर्नुपर्ला भनी विद्यार्थी र चेला बनाउने सहयोगीहरुलाई सल्लाह गर्ने मौका दिनुहोस् ।

आफ्नो छिमेकीलाई प्रेम गर्नुपर्छ भन्ने पाठलाई अभ्यासमा ल्याउने सबभन्दा सर्वोत्तम उपाय के होला ?

- ☐ असल सामरीको कथा पढ्ने ।
- ☐ कुनै बिरामी मित्रलाई केही लिएर भेट्न जाने अनि उसलाई पनि भयो भने एउटा कथा भनिदिने ।
- ☐ प्रेमको बारेमा कुनै पद कन्ठ गर्ने ।

प्रयोगको सर्वोत्तम उपाय चाहिँ बिरामीलाई भेट्न जाने हुन्छ, किनकि यो तरिका चाहिँ व्यावहारिक हो ।

जब अभ्यास गरिन्छ तब मात्र बाइबलीय तरिकामा पाठ सिकिएको ठहरिन्छ । किन ?

प्रभु येशू ख्रीष्ट अनि बाइबलका लेखकहरुले सिद्धान्तको लागि मात्र प्रेमको सिद्धान्त सिकाएनन् । तिनीहरुले सधैं मानिसहरुको खाँचो अनुसार सत्यलाई प्रयोगमा ल्याए । उनीहरुको चाहना थियो कि मानिसहरुले परमेश्वरको वचन सुन्दै उनीहरुको जीवन परिवर्तन गरेर शिक्षाप्रति जिम्मेवारी बनून् । यसैकारण

शिक्षकको सहयोगीले हरेक विद्यार्थीलाई यस्तै गरी अभ्यासको काममा सहयोग पुऱ्याउने काम गर्नु पर्छ ।

व्यावहारिक कार्य गर्नको लागि, त्यो बालकले सहायक चेलापन शिक्षकसँग मिलेर योजना गर्दछ । उदाहरणको लागि, सुसमाचारको कक्षा लिनु पर्ने दिनमा, उनीहरु मिलेर सहमत हुन्छन् कि त्यो साता नानीहरुले कसैलाई खीष्टको बारेमा भन्नुपर्छ । सम्झनाको लागि, त्यो व्यक्तिको नाउँ लेखिन्छ, अनि नानीले उसको साथीलाई अर्को सभाको लागि निमन्त्रणा दिन्छ । यदि कक्षाले भण्डारेपनको बारेमा सिक्दैछ भने, कुनै विशेष प्रोजेक्टको लागि दिनेबारेमा तिनीहरु सहमत बन्नेछन् । शिक्षकले यी योजनाहरु "व्यावहारिक कार्य" को रुपमा लेख्ने छ । आउँदो सभामा, उसले ती व्यावहारिक लक्ष्यहरु पूरा भयो कि भएन भनी पत्ता लाउने छ ।

छैटौं सिद्धान्त
अभ्यासको काम (व्यावहारिक कार्य) गरियो कि गरिएन भनी पत्ता लाउने

शिक्षक अनि उसका सहयोगीहरुले कुनै पनि विद्यार्थीले उसको व्यावहारिक कार्य गऱ्यो कि गरेन भनी पत्ता लाउने छ ।

हरेक साता, उनीहरुले अघिल्लो साताको गृहकार्य गरे कि गरेनन् भनी हामीले उनीहरुलाई सोध्नु पर्छ । उसले के कसो गरेको छ, विद्यार्थीले भन्ने छ । जुन विद्यार्थीले गरिसकेको छ उसलाई शिक्षकले प्रशंसा गर्नेछ । यसो गर्दा उसलाई यसो गरिरहनको निम्ति प्रोत्साहन मिल्दछ, अनि अरुलाई जोश आउँछ । यदि सहायकहरुले उनीहरुको देखरेखमा भएकाहरुलाई साताको बीचतिर भेटे भने, उनीहरुले व्यावहारिक कार्य गरिरहेका छन् कि छैनन् भनी सोध्ने काम गर्नुपर्छ ।

कति पछाडिएकाहरुसँग शिक्षक अनि उसका सहयोगीहरु मिलेर समय बिताउनु पर्छ । अर्को विद्यार्थीले चाहिँ सहायता चाहिएको विद्यार्थीको निम्ति सहायकको रुपमा काम गर्न सक्छ ।

एक बालकले उसको व्यावहारिक काम ठीकसँग गरेको छ भनी कसरी निश्चित बन्नुहुन्छ ?

सातौं सिद्धान्त
नानीहरुको लागि सुहाउँदिलो सभाहरु आयोजना गर्नुहोस्

नानीहरुको क्लासहरु यस प्रकारको हुनसक्छ, उदाहरणको लागि:

- प्रार्थना ।
- प्रशंसा ।
- विशेष विषयहरुको लागि प्रार्थना ।

- छोटो बाइबल शिक्षा, कथा अनि प्रश्नहरु ।
- सूचनाहरु ।
- व्यक्तिगत चेलापन: सहायकले उनीहरुको व्यावहारिक कार्य गर्नको लागि हरेक नानीलाई सहायता गर्दछ । (हरेक साता अघिल्लो साताको कामको मूल्याङ्कन गरिन्छ)।

नानीहरुको उमेर अनुसार हामी नानीहरुलाई प्रश्न सोध्छौं । प्रश्नहरु यसप्रकारका हुनसक्छन्:

- छोटो ।
- खाली "हो" अथवा "होइन" मा मात्रै उत्तर आउनु हुन्न, तर व्याख्या गर्नु पर्ने उत्तर आउनु पर्छ ।
- जानिएको कुरासँग व्यवहार गरिन्छ ।
- नानीहरुलाई उनीहरुको कल्पना प्रयोग गर्न प्रोत्साहित गर्नोस्: "यदि त्यो कथाको तपाईं भएको भए, तपाईंले के गर्नुहुन्थ्यो ?"
- यिनका कारणहरु सोध्नोस्: "हवाले किन मनाही गरेको फल खाइन् ?"
- कन्ठलाई अभ्यास गराउनोस्: "गालीलको कानामा येशूले के गर्नुभयो ?"

दश वर्षको उमेरसम्म, नानीहरुले बढो ठोस रुपमा सोच्ने गर्छन् । उदाहरणको लागि, यदि तपाईंले उनीहरुलाई "गाजर तपाईंको लागि राम्रो छ, तिनीहरुमा धेरै आइरन हुन्छ" भन्नुभयो भने उनीहरुले गाजर आइरन खोज्न थाल्नेछन् अनि उनीहरुले खान मान्ने छैनन् । यस्तै प्रकारले, यदि हामी भन्दछौं: "येशू तपाईंको हृदयमा रहन चाहनुहुन्छ ।" उनीहरुले यो सुन्दा कसरी बालकको शरीरभित्र प्रवेश गरेर एउटा मानिस रहन सक्छ भनी उनीहरु छक्क पर्दछन् । हामीले उनीहरुलाई बुझाइदिनै पर्दछ कि येशूको आत्मा हामीभित्र बास गर्नुहुन्छ । उहाँ देखिन सक्नुहुन्न, अनि उहाँको देह पनि हुँदैन ।

शिक्षणको सारा शब्दहरु अनि तरिकाहरु नानीहरुको उमेर अनुसारकै हुनुपर्छ ।

उमेर अनुसारकै सुहाउँदिलो गीतहरु प्रयोग गर्नुपर्छ:

- जसमा वास्तविक सन्देश होस् ।
- जसले नानीहरुलाई प्रभुको आराधना गर्न सहयोग पुऱ्याओस् ।

- सेवाका विभिन्न समयहरुमा, सबै एकै चोटि होइन ।
- घरिघरि सर्वोत्तम गीतहरु गाएर, ताकि नानीहरुले तिनीहरुलाई राम्ररी सिक्न सक्नेछन् ।

विभिन्न उमेरकाहरुलाई कसरी सहयोग पुऱ्याउनु

नानीहरुको उमेरअनुसार सेवा चलाउनु हो भने, हामीले उनीहरुको उमेर छुट्याउनै पर्छ । हरेक शिक्षकलाई उसले कुन प्रकारको क्लास चलाउँदैछ राम्ररी बुझाइदिनोस् ।

१८ महिनादेखि ३ वर्षसम्मको

यिनीहरुले केवल एक वा दुइ मिनटको कथा सुन्नसक्ने छन् । छोटो अवधिसम्म मात्र ध्यान दिने शक्ति उनीहरुमा हुन्छ । छोटो कथा भन्नोस् । चित्र देखाउँदै भन्नु होस् । (कन्ठ रुपमा कथा भन्नु राम्रो हो)। यदि कथा लामो भए, ती सानाहरुलाई रुची लाग्ने भाग मात्र भनिदिनोस्, अनि उनीहरुले राम्ररी बुझ्न सक्नेछन् ।

यो उमेरका नानीहरुलाई थोरै समय (१० अथवा १५ सेकेन्ड) नक्साहरु हेर्न मन पराउँछन् । यी चित्रहरु उसको शिक्षक अथवा शिक्षकको सहायकले बनाएको भए पनि हुन्छ । ठूला नानीहरुले पनि चित्र बनाइदिन सक्छन् ।

तिनीहरुले सरल अभिनय (थपडी मार्नु, हिँड्नु, पशुहरुको आवाज निकाल्नु, इत्यादि) सहितको कथा तथा गीतहरु मन पराउँछन् ।

कति नानीहरु अभिनय गर्न मन पराउँदैनन्, तर हेर्न र सुन्न मन पराउँछन् । उनीहरु गुडिया अनि कागजका टुक्रहरुसँग एकलै खेल्न मन पराउँछन् ।

ठूला नानीहरुले साना नानीहरुको लागि कागजका सामानहरु, नक्सा आदि बनाइदिन अनि रङ्ग लगाइदिन, अनि कागज काटिदिन सक्छन् । (सुरक्षाको खातिर अलि बोदो धार भएको कैंची चलाउनु होस् ।)

नक्सा तथा वस्तुहरुको प्रयोगद्वारा कुनै कथालाई बुझाउन सहायत गर्दछ ।

कथा भन्दै गर्दा, शिक्षकहरुले नक्सा घुमाएको साना नानीहरुले हेर्न मन पराउँछन् । उदाहरणको लागि, "अब्राहाम ऊर देशबाट प्रतिज्ञाको देशतिर हिँडे" भन्ने मात्र होइन । तर "अब्राहाम ऊर देशबाट प्रतिज्ञाको देशतिर हिँड्दै, हिँड्दै, हिँड्दै गए" भन्दा भित्ता काटेर टाँसिरहेको अब्राहामको नक्सा उतारेर हिँडेको जस्तै देखाउनु होस् ।

नक्साहरु साह्रै राम्रोसँग बनिएको हुनै पर्छ भन्ने छैन । ठीकैकोसँग बनिएको भए पनि चलिहाल्छ । वास्तवमा, भिजुएल सामाग्रीहरु हातले बनाइएको अनि सरल भए राम्रो हो । यसले गर्दा नानीहरु स्वयंले बनाउने इच्छा गर्दछन् । कथालाई दृष्टान्त दिएर भन्नु पर्दा केही पनि प्रयोग गर्न सकिन्छ । सानो ढुङ्गामा दुइवटा आँखाहरु बनाएर, "यो प्रेरित पत्रुस हो" भन्न सक्नु हुन्छ ।

गुडियाहरु, घरमा बनाइएका पपेटहरु अथवा कार्डबोर्डमा बनाइएका नक्साहरु जसलाई टेबलमा राख्न सकिन्छ, सबै प्रयोग गर्न सकिन्छ ।



साना नानीहरु आवाज सुन्न मन पराउँछन् । उनीहरुले दोहोऱ्याएको पनि मन पराउँछन् । उदाहरणको लागि, यति मात्र नभन्नोस्, "कन्ये मरियमले गधामा चढेर बेथलेहेमतर्फ यात्रा गरिन् ।"

बरु यसो भन्नु राम्रो होः "आफ्नो पिठिउँमा मरियमलाई लिएर गधा क्लप क्लप क्लप गर्दै बेथलेहेमतर्फ लाग्यो । क्लिप क्लप... क्लिप क्लप... क्लिप क्लप....।" (आवाज निकाल्नु होस्, त्यसपछि त्यो वाक्य दोहोऱ्याउनु होस् अनि नानीहरुलाई पनि त्यो आवाज निकाल्न लाउनु होस् ।) "लौ, हामी सबैले गधा हिँडेको आवाज निकालौं ।" ("क्लिप क्लप... क्लिप क्लप... क्लिप क्लप....)"

साना नानीहरुको लागि उपयोगी पाँच कुराहरुमा रेखाङ्कित गर्नोस्:

अ) लामो कथाहरु,

आ) छोटो कथाहरु,

इ) निकै पटक दोहोऱ्याउँदै छोटो कथाहरु भन्ने,

ई) धेरै राम्रो, महङ्गो दाममा किनिएका नक्साहरु,

उ) तिनीहरुले रङ्ग भर्न सक्ने घरेलु नक्साहरु,

ऊ) सुन्ने र आवाजहरु दोहोऱ्याउने,

ऋ) कथा अनुसार नक्साहरु सरेको,

ए) उत्तर दिनको निम्ति सैद्धान्तिक प्रश्नहरु ।

तपाईंले आ, इ, उ, ऊ, ऋ मा दाग लगाएको हुनुपर्छ । यो शुरुको वर्षमा सिद्धान्तबारे प्रश्नहरु गरिनु ठीक होइन ।

३ देखि ५ वर्ष (लगभग)

यो उमेरमा, नानीहरु अति सक्रिय हुन्छन् । तिनीहरुलाई आवाज निकाल्दै अनि अभिनय गर्दै कथा भन्न मन पर्छ ।

ज्ञानी शिक्षकहरुले धेरै अभिनयसहित कथाहरु भन्दछन्, ताकि नानीहरुले पनि धेरै अभिनय गर्ने (उठ्ने, बस्ने, हिँड्ने, उफ्रने, पशुहरु जस्तै चल्ने) मौका पाउँछन् । कथामा उल्लेख हुन लागेको व्यक्तिको नक्सा बनाएर नानीहरुलाई रङ्ग भर्न लाउनोस्, अनि कथा भन्दा देखाउनु होस् । उदाहरणको लागि, उनीहरुले दाऊदको नक्सामा रङ्ग भर्न सक्छन् । यतिको उमेरमा उनीहरुलाई नक्सा बनाउन गाह्रो पर्ला, तर काम चलाउ भए पनि रङ्ग भर्न ता सक्छन् । कथा भन्दा जति पटक दाऊदको नाउँ आउँछ, उनीहरुले दाऊदको नक्सा उचाल्न सक्छन् । यी सरल क्रियाकलापद्वारा पाठमा सिकाइएका सत्य कुरा तिनीहरुको मनमा रहिरहन्छ ।

एउटा कथा पाँच मिनेटभन्दा लामो हुनुहुँदैन (यदि तिनीहरुले कथामा अभिनय गर्न पाए, अनि धेरै आवाज निकाल्ने मौका पाए, तिनीहरुले अरु केही मिनेट बढी ध्यान लाउन सकिन्छ)।

यदि बाइबल कथा लामो छ भने, शिक्षकहरुले मुख्य बुँदाहरुलाई समेटेर छोटो रुपमा भन्नु पर्छ ।

सरल प्रश्नहरु मात्र सोध्नोस् । उदाहरणको लागि, “त्यो दुष्ट राक्षसलाई कसले माऱ्यो ? दाऊद जवान थियो कि बूढो ?”

यी नानीहरु अनुकरण गर्न मन पराउँछन् । नानीहरुले अनुकरण गर्न सक्ने अभिनयहरु असल शिक्षकहरुले प्रयोग गर्नेछन् ।

यदि तपाईंले पत्रुसले नौका बसेर माछा मारिरहेको कथा भन्नु हुँदैछ छ भने, पत्रुसले आँधीको विरुद्ध नौका चलाएको, अथवा पत्रुसले जाल तानिरहेको अभिनय देखाउनु होस् ।
अभिनयलाई धेरै पटक दोहोऱ्याउनु होस्, ताकि नानीहरुले तपाईंलाई अनुकरण गर्नसक्ने छन् ।

उनीहरुले दोहोऱ्याएको सुन्न मन पराउँछन् । उदाहरणको लागि, “एक बास्केटभित्र भएको बालक मोशा नदीमा तैरिरहेको थियो, उ तैरिरहेको, तैरिरहेको, तैरिरहेको थियो । अब

एक पटक फेरि त्यसै गरौं । मोशा नदीमा तैरिरहेको थियो । पानीमा तैरिरहेको, तैरिरहेको, तैरिरहेको थियो ।" (यता उता ढुङ्गामा ठोक्किँदै बास्केट तैरिरहेको अभिनय गर्नोस्)।

३ देखि ५ सम्मका नानीहरुको लागि के ठीक छ रेखाङ्कित गर्नोस्:

अ) धेरै पटक दोहोऱ्याउँदै कथा भन्नु ।

आ) धेरै अभिनयहरु हुनु ।

इ) धेरै सरल प्रश्नहरु ।

उत्तरः अ, आ, इ । तीनैवटा अति मुख्य छन् ।

६ देखि ९ वर्षसम्म (लगभग)

यो उमेरमा नानीहरु अझ पनि सक्रिय हुन्छन् । उनीहरु सँगै मिलेर काम गर्न मन पराउँछन् । कथामा भनिएका मानिसहरुले झैं तिनीहरुले पनि गर्न चाहन्छन् ।

उदाहरणको लागि, नूह र जहाजको कथा भनिसके पछि, शिक्षकले नानीहरुलाई दुइ दुइ जना गरी पशुहरु भएर जहाजभित्र पस्न लाउँछन् ।

भन्नोस्: "तिनीहरुले गरे जस्तै गरी अब हामी गर्नेछौं । चन्द्र र हरी, तिमी दुइ खरायो बनेर उफ्रिँदै भित्र पस्नू । मेरी र एली, तिमी दुइ हात्तीहरु, बिस्तारै बिस्तारै हिँडेर भित्र पस्नेछौ । अलाम चाहि नूह हो जसले जहाजको ढोका खोल्ने छ । बाँकी तिमीहरु सबै भेडाहरु हौ । चारै हातखुट्टा टेकेर "भ्याँ" गर्नेछौ । तयारी भयौ ? अब पानी पर्न थाल्यो ! नूहले ढोका खोलिदिन्छ । पानी बढेको, बढेकै छ । शुरु भयो ! दुइ दुइ जना गरेर आऊ । पहिला खरायोहरु । त्यसपछि हात्तीहरु । त्यसपछि भेडाहरु । छिटो ! पानी बढिर हेको छ ! तिमीहरु अब डुब्नेछौ !"

यदि कथालाई विभाजन गरियो अनि अभिनयहरु थपियो भने कथा भन्नलाई अलि लामो समय पनि लाग्न सक्नेछ ।

शिक्षकहरुले कथासित सम्बन्धित नक्साहरु नानीहरुलाई बनाउन लाउन सक्छन्, रङ्ग भर्न सक्छन्, अनि तिनीहरुलाई काट्न सक्छन् ।

यस उमेरका नानीहरुलाई जब कुनै चित्र अथवा वस्तु मार्फत परेमश्वरको बारेमा जे सिकाइन्छ उनीहरुले सजिलै सिक्न सक्छन् । फूलहरु प्रयोग गरेर परमेश्वरले असल कुराहरु बनाउनु हुन्छ भनेर बताउन सक्नुहुन्छ । (मत्ती ६:२८-३०) दिन प्रतिदिन प्रयोग गरिने सरल, जानिएको वस्तुहरु प्रयोग गर्नु होस् ।

यो उमेरमा नानीहरुले जिम्मेवारीहरु पनि लिन्छन् । शिक्षकहरुले तिनीहरुलाई साना नानीहरुलाई चेला बनाउने काम पनि अह्राउन सक्छन् । उदाहरणको लागि, यदि उनीहरु सक्षम भए, उनीहरुले सानाहरुलाई बाइबलका कथाहरु पनि भन्न सक्छन् । तिनीहरुले उनीहरुलाई क्लासको निम्ति प्रयोग गरिरहेको कोठासफा गर्ने काम पनि दिन सक्छन् । अनि घर लाने सजावटहरु बनाउन सक्छन् ।

उनीहरुले उत्तर दिन सक्ने सरल प्रश्नहरु सोध्नोस् । पहिला यसबारे निर्देशन दिनु होस् । उदाहरणको लागि, रुथको कथा भन्न शुरु गर्दा तपाईंले भन्न सक्नुहुन्छ, “रुथलाई अति गरीबीपनबाट कसले बचायो, म तिमीहरुलाई भन्नेछु । मलाई राम्ररी सुन अनि त्यो व्यक्ति को हो तिमीहरुले भन्न सक्ने छौ ।”

आमाबाबु अनि शिक्षकहरुले नानीहरुलाई उनीहरुको जीवन प्रभुमा समर्पित गर्न, प्रार्थना गर्न अनि बाइबल पढ्न, निरन्तर मण्डलीको सेवामा जान, दशांश तथा भेटीहरु दिन, अनि अरुहरुलाई ख्रीष्टको बारेमा भन्नलाई सिकाउन सक्ने छन् ।

६ देखि ९ वर्षसम्म नानीहरुको लागि उपयोगी हुने कुराहरुमा चिन्ह लाउनु होस्:

अ) तिनीहरु अति सक्रिय हुन्छन् ।

आ) तिनीहरुले कथामा भनिएका कुराहरु अभिनय अनि अनुकरण गर्न चाहन्छन् ।

इ) तनीहरुसँग एक घण्टासम्म सजिलै बोल्न सकिन्छ ।

ई) उनीहरुले प्रश्नको उत्तर दिन अनि छलफल गर्न मन पर ाउँछन् ।

उ) उनीहरु सरल कामकुरोको निम्ति जिम्मेवारी बन्न चाहन्छन् ।

ऊ) तिनीहरुले सानाहरुलाई सिकाउनको निम्ति सहयोग गर्न सक्छन् ।



उत्तरहरुः अ, आ, ई, उ, ऊ ।
विभाजित गरेर अभिनयसहित भनियो भने उनीहरुले बढीमा १५ देखि २० मिनटसम्मका कथाहरुमा ध्यान लाउन सक्छन् ।

१० देखि जवानसम्म

यी नानीहरु सरल नाटकहरुमा अभिनय गर्न मन पराउँछन् ।

उनीहरुको जीवनको लागि उपयोगी कथा राम्ररी तयार गरेर भनियो भने उनीहरुले १५ मिनटभन्दा बढी सुन्न सक्छन् । यदि केटाहरु अनि केटीहरुलाई अलग गरेर सिकाइयो भने उनीहरुले अझ राम्ररी सिक्न सक्छन् ।

तिनीहरुले नाटकहरु तयार पार्न सक्छन् । बाइबल कथाका संवादहरु कन्ठ पार्न अनि अभिनय गर्न तिनीहरुलाई सजिलो

पर्छ । तिनीहरुले सानाहरुलाई कथाहरु भन्न सक्छन्, अथवा नाटकीकरण गर्न सक्छन् । अरु शिक्षकहरुसित मिलेर यो काम गर्नुहोस् ।

बाइबल कथाहरु भन्नको लागि तिनीहरुले पपेटहरु बनाउन अनि प्रयोग गर्न सक्छन् ।

यदि तिनीहरुले राम्ररी लेख्न सक्छन् भने प्रश्नका उत्तरहरु पनि लेख्न सक्छन् । तपाईंले सोध्न सक्नुहुन्छः "तिम्रो हालको जीवनले कस्तो प्रभाव पारिरहेको छ ?" हरेक पाठलाई जोड दिन अनि प्रयोगमा ल्याउन प्रश्नहरु सोध्नु होस् ।

अरु धेरै सक्षम नानीहरुले सानाहरुलाई भन्न सक्ने कथाहरु तयार पार्न सक्छन् । शिक्षकले ठूला विद्यार्थीलाई एकलै राखेर बाइबलको कथा भन्न सक्छ, अनि उसलाई अभ्यास गराउन सक्छ, ताकि उसले झुण्डमा भन्न सकोस् ।

ठूला नानीहरुहरुद्वारा साना नानीहरुलाई छोटो कथाहरु भन्नको लागि चाँजो मिलाउनु होस् ।

ठूला नानीहरुको लागि के के उपयोगी छन् पत्ता लाउनु होस्:

अ) आवाजहरु घरिघरि दोहोऱ्याइरहनु ।

आ) बाइबल कथाहरु नाटकको रुपमा भन्नको लागि तयार पार्नु ।

इ) साना नानीहरुसित बाइबल नाटकहरु प्रस्तुत गर्नु ।

ई) आ-आफ्नो झुण्ड सम्बन्धी कुराहरु गर्दा, केटाहरुबाट केटीहरुलाई अलग राख्नु पर्छ ।

उ) साना नानीहरुको लागि नक्साहरु बनाउनु ।

ऊ) पपेटहरु बनाउनु अनि प्रयोग गर्नु ।

ऋ) साना नानीहरुले उचित व्यवहार नगर्दा, उनीहरुलाई सजाय दिनु ।

उत्तरहरु: आ, इ, ई, उ, ऊ ।

आठौं सिद्धान्त
आत्मिक उन्नति हुने गरी कथाहरु प्रस्तुत गर्नु

कथाहरु दोहोऱ्याइरहनु होस्, विशेषगरी येशूको मृत्यु र पुनरुत्थान सम्बन्धी कथाहरु वर्षभरि धेरै पटक दोहोऱ्याइरहनु होस् ।

नानीहरुको उमेर अनि विकास, अनि तिनीहरुले ध्यान दिने सामर्थ्यलाई बिचार गरेर समयलाई सीमित पार्नोस् । कतिपय कथाहरुले बाइबलका थुप्रै अध्यायहरु ओगटेका हुन्छन् । तिनबाट अति मुख्य भाग छान्नु पर्दछ । उदाहरणको लागि, नूहको कथाले उत्पत्ति ६ देखि ९ सम्म ओगटेको छ । नानीहरुलाई तपाईंले भन्न चाहनु भएको कुरा पत्तो लाउन, तिनीहरुलाई धेरै पटक पढ्नोस् । अति सानाहरुलाई केवल तीन वा चार बुँदाहरु मात्र भने पुग्छ ।

पुरानो र नयाँ करारबाट कथाहरु मिलाएर भन्ने ।

पुरानो करारका कथाहरुले सबैसित मिल्दो जुल्दो गरी हरेक दिनको स्थिति अनुसार, परमेश्वरको बारेमा सत्यताहरु बताएका छन् । तिनीहरु बुझ्नलाई सजिला छन् । नयाँले पनि त्यही आत्मिकी, अनन्त, अदृश्य कुराहरुलाई संकेत गरेको छ । एक पाठ पढाउँदा दुइवटा कथा भन्नु असल नै हुन्छ ।

अभ्यासद्वारा प्रस्तुतिमा सुधार ल्याउनु होस् ।

नानीहरुलाई कथा भन्नु अघि धेरै पटक अभ्यास गरेर मात्र भन्नु होस् । धेरै समय लगाएर अभ्यास गरिँदा यो सजिलो बन्दछ ।

अभ्यासको काम

- नानीहरुलाई चेला बनाउनेको रुपमा तयार पार्न आमाबाबु अनि अरु जिम्मेवार व्यक्तिहरु (स्त्री अनि पुरुषहरु, जवानहरु अनि ठूला नानीहरु) लाई तालीम दिन थाल्नु होस् । तिनीहरुलाई तालीम दिनको लागि यो अध्ययन प्रयोग गर्नुहोस् ।

- त्यो क्षेत्रमा अरु नानीहरुलाई सुसमाचार प्रचार गर्नको लागि योजनाहरु बनाएर लेख्नुहोस् । (आइतबारको औपचारिक सेवा ल्याउने मात्र होइन, तर साताका अरु दिनहरुमा पनि उनीहरुलाई भेट्न जाने)।

- नानीहरुले विशेष दिनहरु मनाउन रुचाउँछन् । अन्धा-न-धुन्धमा कतिपय विषयहरु कन्ठ पार्ने काम गर्न मात्र नलगाएर, उनीहरुलाई पवित्र दिनहरु (जस्तै क्रिसमस, गुड फ्राइडे, ईष्टर, पेन्तिकोस अनि आमा दिवस, इत्यादि) को बारेमा साँचो अर्थ दिने कार्यक्रमहरुको आयोजना गरौं ।

- कसरी बाइबल कथाहरु भन्ने अनि वचन अनुसार नानीहरुलाई आज्ञा पालन गर्ने बनाउने जस्ता व्यावहारिक कुराहरु कसरी समावेश गर्ने भनी शिक्षकहरुलाई सिक्न अनि अभ्यास गर्न सहायता गर्नोस् । तपाईंले तलका बाइबल कथाहरु प्रयोग गर्नसक्नु हुनेछ ।

- आमाबाबुहरुको निम्ति बाइबल कथाको एक सूची उपलब्ध गराइदिनोस्, ताकि तिनीहरुले उनीहरुका नानीहरुलाई सिकाउन सक्नेछन्:

नानीहरुको लागि बाइबल कथाहरु

नयाँ करारसित सम्बन्धित पितापुर्खाहरुका कथाहरु, अनि तिनका प्रयोगः

कथाहरु

- सृष्टिः उत्पत्ति १-२
  हरेक कुराको निम्ति परमेश्वरलाई धन्यवाद दिनु ।

- येशूको पुनरुत्थानः मत्ती २८
  नयाँ सृष्टिको लागि धन्यवाद दिनु (येशू ख्रीष्ट चाहिँ यसको पहिलो फलको रुपमा बौरी उठ्नु भयो)।

- आदम र हवाः उत्पत्ति ३
  परीक्षाको विरोध गर्न परमेश्वरको वचन प्रयोग गर्नु ।

- येशूले परीक्षाको विरोध गर्नुभयोः मत्ती ४

- कयिन र हाविलः उत्पत्ति ४
  शुद्ध हृदय लिएर परमेश्वरको आराधना गर्नु ।

- येशू र सामरी स्त्रीः यूहन्ना ४

- नूह र जहाजः उत्पत्ति ६-९
  हामीले हाम्रा पापको पश्चाताप गर्नुपर्छ

- उडाऊ पुत्रः लूका १५
  पश्चाताप र परमेश्वरतिर फर्कनु ।

- बाबेलको धरहराः उत्पत्ति ११
  परमेश्वरमा भरोसा गर, मानव शक्तिमा होइन ।

- पवित्र आत्मा आउनु: प्रेरित २

- अब्राहामले परमेश्वरको बोलावटलाई स्वीकार गर्दछ: उत्पत्ति १२
  क्रियाशील विश्वास

- येशूले विश्वास गर्ने कप्तानको नोकरलाई निको पार्नुहुन्छ: मत्ती ८

- अब्राहामले लूतलाई स्वतन्त्र पार्दछ: उत्पत्ति १४
  दुष्ट मानिसहरुद्वारा आक्रमण हुँदा साहसी हुनु ।

- पत्रुस र यूहन्ना जेलभित्र हालिएको: प्रेरित ४

- अब्राहाम र लूतका गोठालाहरुको झगडा: उत्पत्ति १३
  सारा स्वार्थीपनलाई एकातिर पन्छाउनु ।

- विश्वासयोग्य अनि अविश्वासयोग्य सेवकहरु: लूका १२:४१-४८

- अब्राहामलाई परमेश्वरको प्रतिज्ञा: उत्पत्ति ५
  परमेश्वरमा विश्वासद्वारा जिउनु

- येशूले दुइ जना अन्धाहरुलाई निको पार्नुहुन्छ:
  मत्ती ९:२७-३१

- बौरी उठ्नु भएको खीष्टले आफैलाई इम्माउसमा प्रकट गर्नुहुन्छ: लूका २४:१३-३५

- प्रभुले अब्राहामलाई एक पुत्र दिने प्रतिज्ञा गर्नुहुन्छ:
  उत्पत्ति १८
  विश्वाससँग परमेश्वरको वचनमा आउनुहोस् ।

- परमेश्वरले मरियमलाई एक पुत्र दिनुहुने प्रतिज्ञा गर्नुभयो: लूका १:२६-५६

- अब्राहामले सदोमको लागि अन्तर्विन्ती गर्दछ:
  उत्पत्ति १८:१६-३३
  हराएकाहरुको निम्ति प्रार्थना गरौं ।

- असल गोठालोले हराएका भेडाहरुको खोजी गर्दछ:
  लूका १५:१-७
  येशूले आफ्नैहरुको निम्ति प्रार्थना गर्नुभयो: यूहन्ना १७

- प्रतिज्ञा गरिएको पुत्रको जन्म: उत्पत्ति २१
  परमेश्वरको प्रतिज्ञाहरुमा विश्वास राख्नु ।

- येशूको जन्मः मत्ती १

- परमेश्वरले अब्राहामको विश्वासलाई जाँच्नुहुन्छः उत्पत्ति २२
  सबैभन्दा ठूलो परमेश्वरको आज्ञा पालन गर्नु ।

- हाम्रो निम्ति आफ्नो जीवन दिनु पर्ने पिताको इच्छालाई
  येशूले स्वीकार गर्नुहुन्छ, त्यसपछि उहाँलाई क्रूसमा
  टाँगिएको होः मत्ती २६:३६-४६, यूहन्ना १९:१७-२७

- इसहाकको निम्ति एक पत्नी खोजिएकोः उत्पत्ति २४
  हाम्रो जीवनलाई परमेश्वरको अगुवाइमा छोड्नु

- मछुवाहरुले येशूलाई पछ्याउँछन्: मत्ती ४:१८-२२

- जेठो पुत्रको हैसियत पाएको ज्येष्ठ अधिकार एसावले
  बेचिदिन्छः उत्पत्ति २५:१४
  हाम्रो स्वर्गीय अधिकारको निम्ति धन्यवादी बन्नु ।

- ज्ञानी मानिसहरुले परमेश्वरको पुत्रलाई खोज्दछन्: मत्ती २

- इसहाकले याकूब र एसावलाई आशिष दिन्छन्:
  उत्पत्ति २७
  परमेश्वरको आशिष खोज्नु ।

- येशूले आफ्नो वस्त्रको छेऊ छुने स्त्रीलाई निको पार्नुहुन्छः मत्ती ९:१८-२६

- याकूबले स्वर्गसम्म सिँडी पुगेको देख्दछः उत्पत्ति २८
  परमेश्वर हामीसित हुनुहुन्छ भन्ने जानेर विश्वासमा प्रार्थना गरौं ।

- कर उठाउनेको प्रार्थनाः लूका १८:९-१४

- याकूबले राहेललाई आफ्नी पत्नीको रुपमा पाउन १४ वर्ष काम गर्दछः उत्पत्ति २९
  परमेश्वरको इच्छा पालन गरिरहनको निम्ति खुरन्धार लागिरहनु ।

- पावल मिसनेरीको हैसियतमा खुरन्धार लागिरहेकोः प्रेरित १४

- एसावसित याकूबको मिलापः उत्पत्ति ३२-३३
  जतिले चोट पुऱ्याएको छ उनीहरुसित मिलाप गर्नु ।

- परमेश्वरसित पापीहरु मिलाप (यूहन्नाको बप्तिस्मा): मत्ती ३
  परमेश्वर, जसलाई हामीले चोट पुऱ्याएका छौं, उहाँसित मिलाप ।

- याकूबले स्वर्गदूतसित कुस्ती खेल्दछः उत्पत्ति ३२:२२-३२
  परमेश्वरसितको प्रार्थनामा लागिरहनु ।

- विधवा र अधर्मी न्यायाधीशः लूका १८:१-८

- आफ्नै दाजुहरुले युसुफलाई बेचिपठाएकाः उत्पत्ति ३७
  सबै प्रकारका ईर्ष्या र लालसाबाट टाडो हुनु ।

- यहूदाले येशूलाई पैसाको निम्ति बेचिपठाएकोः
  मत्ती २६:१४-१६, ४७-५०, मत्ती २७:३-१०

- पोतिफरकी स्वास्नीले युसुफलाई दुष्ट काम गर्न
  फुस्ल्याएकोः उत्पत्ति ३९
  सबै व्यभिचारदेखि अलग बस्ने ।

- अशुद्ध पार्ने कुराहरुः मत्ती १५:१-२०

- युसुफले दुइवटा सपनाहरुको अर्थ खोलिदिन्छः उत्पत्ति ४०
  परमेश्वरको मुक्तिमा भरोसा ।

- बौरी उठ्नु भएको येशू मरियम मग्दलिनीकहाँ देखा
  पर्छिन्: यूहन्ना २०:१-१८

- युसुफले फारोको सपनाको अर्थ खोलिदिन्छ: उत्पत्ति ४१ हामीलाई बुद्धि देऊन् भनी परमेश्वरमा भरोसा राखौं ।

- आश्चर्यमय ढङ्गमा माछाहरु पर्कडिनु: लूका ५:१-११

- युसुफले आफ्ना दाजुहरुलाई बचाउँछ: उत्पत्ति ४२-४७ हामीलाई नोक्सानी पुऱ्याउनेहरुलाई क्षमा दिनु ।

- क्षमा दिन नचाहने नोकर: मत्ती १८:२३-३५

नयाँ करारसित मिल्दोजुल्दो मोशासम्बन्धी कथाहरु, अनि तिनका प्रयोग:

कथाहरु

- इस्राएलीहरुले मिश्रमा कष्ट पाउँछन्: प्रस्थान १ विश्वास गर्दा कष्टबाट भएर जानुपर्ने ।

- पावलका कष्टहरु: प्रेरित २१:२७-४०, प्रेरित २२-२३, २ कोरन्थी ११:२१-३३

- राजकुमारीले बालकलाई बचाउँछे: प्रस्थान २:१-१०
  जाँचको बेला परमेश्वरले हाम्रो वास्ता गर्नुहुन्छ भनी भर
  ोसा गरौं ।

- येशूले एक कोरीलाई निको पार्नुहुन्छ: मत्ती ८:१-४

- मोशा मिश्रबाट भाग्छ: प्रस्थान २:११-१५
  हाम्रा भावनाहरुलाई नियन्त्रित गर्नु ।

- यूहन्ना र याकूबको बदला लिने आत्मालाई येशूले
  हप्काउनु भयो: लूका ९:५१-५६

- परमेश्वरले मोशालाई जलिरहेको पाथ्राबाट
  बोलाउनुहुन्छ: प्रस्थान ३-४
  परमेश्वरको अघि भयसाथ आदर गर्नु ।

- येशूको रुप परिवर्तन: मत्ती १७

- मोशा र फारो: प्रस्थान ५, ६:२८-७:१३
  साहससित न्याय खोज्नु ।

- बप्तिस्मा दिने यूहन्नाको मृत्यु: मर्कूस ६

- दश विपत्तिहरु: प्रस्थान ७-११

- येशूको प्रथम आश्चर्यकर्म: यूहन्ना २:१-१२
  प्रभुको डर मान्नु र आज्ञा पालन गर्नु ।

- ढोकाको संघारमा रगत छर्कनु: प्रस्थान १२

- येशूको क्रूसीकरण: मर्कूस १५, यूहन्ना १:२९
  परमेश्वरको थुमामा भरोसा राख्नु ।

- येशूको पुनरुत्थान: मत्ती २८

- आगो र बादलको खाँमो: प्रस्थान १३:२०-२२
  परमेश्वरको आत्माको अगुवाइलाई पछ्याउनु ।

- येशूले लेवीलाई बोलाउनु हुन्छ: मर्कूस २:१३-१७

- इस्राएलीहरुले लाल समुद्र पार गर्दछन्: प्रस्थान १४
  परमेश्वरको सुरक्षा चाहनु ।

- येशूले आँधीलाई शान्त पार्नुहुन्छ: मत्ती ८:२३-२७

- परमेश्वरले उजाडस्थानमा मन्न उपलब्ध गराउनु हुन्छः प्रस्थान १६
  परमेश्वरको प्रवन्धमा भरोसा राख्नु ।

- येशूले ५ हजारलाई खुवाउनु हुन्छः यूहन्ना ६

- परमेश्वरले चट्टानबाट पानी निकाल्नुहुन्छः प्रस्थान १७, गन्ती २०
  जीवनको निम्ति परमेश्वरलाई धन्यवाद दिनु ।

- येशू जीवनको रोटी हुनुहुन्छः यूहन्ना ६
  अनन्त जीवनको निम्ति धन्यवाद दिनुहोस् ।

- येशूले प्रभुभोजको स्थापना गर्नुहुन्छः लूका २२

- व्यवस्था ग्रहण गर्नको निम्ति तयारीः प्रस्थान १९
  सबैभन्दा माथि, उहाँको प्रेमको निम्ति परमेश्वरको आज्ञा पालन गर्नु ।

- येशूले उहाँको राज्य ग्रहण गर्न इस्राएललाई तयारी पार्नुहुन्छः मत्ती १०

- परमेश्वरले दश आज्ञा दिनुहुन्छः प्रस्थान २०, २४
  परमेश्वरका सबै आज्ञाहरु पालन गरौं ।

- चट्टानमाथि बनिएको घरः मत्ती ७:२४-२९

- सुनको बाछा बनाएकोः प्रस्थान ३२
  सबै प्रकारका मूर्तिपूजा अनि दुष्टताबाट टाडो रहनु ।

- महान अनि अन्तिम न्यायः प्रकाश २०:११-१५, २१:७-८

- परमप्रभुको अघि नादाब र अबिहू मर्दछन्: लेवी १०

- येशूले मन्दिरलाई शुद्ध पार्नुहुन्छः यूहन्ना २:१३-२२
  उहाँको अघि भयपूर्ण होओ ।

- परमेश्वरले बट्टाई चरा उपलब्ध गराउनुहुन्छः गन्ती ११
  परमेश्वरले हामीलाई जे दिनुहुन्छ त्यहीसित सन्तुष्ट र हनु ।

- येशूले चार हजारलाई खुवाउनु हुन्छः मत्ती १५:३२-३९

- मिरियम र हारुनले उनीहरुको दाजु मोशाको आलोचना गरेका: गन्ती १२
  हाम्रा पाष्टरहरुलाई आदर गर्नु ।

- हेरोदले प्रेरितहरुलाई सताउँछ: प्रेरित १२

- गुप्तचरहरु डरराउँदै प्रतिज्ञाको देशबाट फर्कन्छ: गन्ती १३-१४
  अरुहरु डराउँदा पनि परमेश्वरप्रति आज्ञाकारी बन्नु ।

- सतावट हुँदाहुँदै पनि पावल र बर्णबासले मण्डलीहरु स्थापना गर्दछन्: प्रेरित १३-१४

- विद्रोहीहरुलाई भूमिले निलिदिन्छ: गन्ती १६
  विश्वासीहरुको माझमा नम्रता, एकता अनि प्रेम कायम राखौं ।

- याकूब र यूहन्नाले अग्र-स्थानको निम्ति विन्ती गरेका: मत्ती २०:२०-२८

- पित्तले सर्प: गन्ती २१:४-९
  मुक्तिको लागि येशूमा भरोसा गर्नुहोस् ।

- येशूले निकोदेमससँग बातचीत गर्नुहुन्छः यूहन्ना ३

- बालामको गधा बोल्छः गन्ती २२
  परमेश्वरको आवाज चिन्नु ।

- येशूमा शैतानको शक्ति छ भनेर अभियोग लाएकोः
  मत्ती १२:२२-४५

- बालामले इस्राएललाई आशिष दिन्छः गन्ती २३, २४
  परमेश्वरका जनहरुलाई ग्रहण गर्ने अनि आशिष दिने ।

- पत्रुसले अन्यजातिहरुलाई प्रभुमा भाइहरुको रुपमा ग्रहण गरेः प्रेरित १०

यहोशू अनि न्यायकर्ताका समयका, अनि नयाँ करारका कथाहरु, अनि तिनका प्रयोगः

कथाहरु

- परमेश्वरले हामीलाई साहसी भएर विजयतर्फ बढ्नको लागि आज्ञा दिनुहुन्छः यहोशू १
  साहसपूर्वक येशू ख्रीष्टको चेलाहरु बनाऔं ।

- मृत्युबाट बौरी उठ्नुभएको येशूले हामीलाई सबै र ाष्ट्रहरुमा गएर चेलाहरु बनाउनको नियिम्त आज्ञा गर्नुहुन्छः मत्ती २८

- राहाबले जासुसहरुलाई जोगाउँछः यहोशू २ अनि ६:२४,२५ सरल विश्वासमा काम गर्नोस् ।

- पक्षघात भएका अनि उसका साथीहरुको विश्वासको कारण, येशूले त्यो बिरामी व्यक्तिको पाप क्षमा गर्नुहुन्छ अनि उसलाई निको पार्नुहुन्छः मर्कूस २:१-१२

- यर्दन नदी तरेकाः यहोशू ३ अनि ४
  सारा हृदयसाथ येशू खीष्टलाई पछ्याउनु ।

- येशूले यर्दन नदीमा बप्तिस्मा लिनुभएकोः मत्ती ३, रोमी ६:१-९

- यरीहो हात पारेकाः यहोशू ५:१३-१५ अनि ६
  विश्वाससाथ कठिनाइहरु झेल्नु ।

- येशूले लाजरसलाई मरेकाहरुबाट व्युँताउनुभयोः यूहन्ना ११

- सबै जना एक जनाको पापबाट प्रभावित भएका: यहोशू ७
  सबै पापहरु परमेश्वरलाई स्वीकार्ने, अनि यसबाट फर्कने ।

- हननिया अनि सफीरा उनीहरुको पापले गर्दा मर्दछन्:
  प्रेरित ५:१-११

- यहोशूलाई गिबोनीहरुले ठगेका: यहोशू ९
  आफ्ना प्रतिज्ञाहरु पूरा गर्नोस्, तर कसलाई ती
  प्रतिज्ञाहरु गर्दैहुनुहुन्छ, त्यसप्रति होशियारी हुनुहोस् ।

- पत्रुस र यूहन्नाले बडो साहससित साक्षी दिन्छन्:
  प्रेरित ३-४

- सूर्य अचल रहन्छ, अनि अमोरीहरु पराजित बन्दछन्:
  यहोशू १०
  हाम्रो पक्षमा काम गर्नको लागि परमेश्वरसित विन्ति
  गर्नोस् ।

- ध्वंस भइरहेको जहाजलाई पावलको विश्वासले
  जोगाउँछ: प्रेरित २७

- एहूदले इस्राएललाई मोआबबाट स्वतन्त्र पार्छः न्यायकर्ताहरु ३
  हामी सबै मूर्तिपूजाबाट फर्कनु पर्छ, अनि परमेश्वरको वचन ग्रहण गर्नुपर्छ ।

- बिऊ छर्नेः मत्ती १३:१-२३

- दबोराले इस्राएललाई स्वतन्त्र पार्छः न्यायकर्ताहरु ४-५
  हरेक कुरा परमेश्वरको महिमाको लागि गरौं ।

- एक स्त्रीले येशूलाई सुगन्धित मलहमद्वारा अभिषेक गर्दछिन्: मत्ती २६:६-१३

- गिदोनले इस्राएललाई स्वतन्त्र पार्दछः न्यायकर्ताहरु ६-७
  परमेश्वरमा भरोसा राखौं, मानिसमा होइन ।

- येशूले भूत लागेको केटोलाई निको पार्नुहुन्छः मत्ती १७:१४-२१

- यिप्ताले इस्राएललाई बचाउँछ, तर छोरीलाई गुमाउँछः न्यायकर्ताहरु ११
  तपाईंले के प्रतिज्ञा गर्नुहुन्छ त्यसप्रति बढो होशियारी हुनुहोस् ।

- पत्रुसले येशूलाई पछ्याउने प्रतिज्ञा गर्दछ, तर पछिबाट उहाँलाई इन्कार गर्दछः मत्ती २६:३१-७५

- शिमशोनले इस्राएललाई स्वतन्त्र पार्दछ, अनि यस प्रयासमा मर्दछः न्यायकर्ताहरु १३-१६
  बचाउनको लागि परमेश्वरको शक्तिमा विश्वास गर्नु ।

- हामीलाई बचाउनको लागि येशू मर्नुहुन्छ, अनि मृत्युबाट बौरी उठ्नुहुन्छः मर्कूस १५-१६

- बोअजले रुथलाई उसको अधिकारको निम्ति उद्धार गर्दछः रुथको पुस्तक ।

- उद्धारको निम्ति येशूको मृत्युः मत्ती २७:३२-६६

एउटै राज्य भएको समयका नयाँ करारसित सम्बन्ध राख्ने कथाहरु, अनि तिनका प्रयोगः

कथाहरु

- हन्नाले एक नानीको लागि प्रार्थना गर्छिन्ः
  १ शमूयल १ अनि २:१-११
  शुद्ध हृदय लिएर परमेश्वरसँग विन्ती जाहेर गर्ने ।

- आफ्नो छोरीलाई निको पारिदिऊन् भनेर एक परदेशी स्त्रीले विश्वासमा येशूसँग प्रार्थना गर्दछिन्: मत्ती १५:२१-२८

- शमूएललाई परमेश्वरको बोलावट: १ शमूयल ३ परमेश्वरको आत्माको बोलावटप्रति आज्ञाकारिता ।

- येशूको आत्माले पावललाई अगुवाइ गर्नुहुन्छ: प्रेरित १६:६-१५

- परमेश्वरको सन्दूक कब्जा गरिएको: १ शमूयल ४:१-१० येशूले हाम्रो निम्ति कस्तो कष्ट भोग्नु भयो महसुस गर्नोस् ।

- येशूलाई दुष्ट मानिसहरुको हातमा सुम्पियो: मर्कूस १४:४३-६५, १५:१-३२

- इस्राएलले एक राजा माग्यो, शमूयलले शाऊललाई अभिषेक गरिदियो: १ शमूयल ८-१२ हाम्रो प्रभु अनि राजा येशूलाई पछ्याऔं ।

- येशू ता एक मसीह हुनुहुन्छ भनी पत्रुसले घोषणा गरे: मत्ती १६:१३-२०

- जोनाथनले साहससित लडाइँ गर्दछः १ शमूयल १४
  परमेश्वरका शत्रुहरुको सामना गर्नु ।

- स्तिफनको साहसः प्रेरित ६:८-१५ अनि ७

- राजा शाऊल इन्कार भएकाः १ शमूयल १४:२४-५२ अनि १५
  हाम्रो हृदय जान्नु हुने परमेश्वरसित डराउनु पर्छ ।

- धनी मान्छे र लाजरसः लूका १६:१९-३१

- परमेश्वरले दाऊदलाई राजाको रुपमा चुन्नुहुन्छः
  १ शमूयल १६
  अनुहार हेरेर न्याय नगरौं ।

- गहुँको बीचमा सामाः मत्ती १३:२४-४३

- दाऊदले गोलियतलाई पराजित गर्दछः १ शमूयल १७
  परमेश्वरले शत्रुलाई हराउनु हुन्छ भनी भरोसा गर्नु ।

- आफ्नो पुनरुत्थानद्वारा येशूले दुष्ट शैतानमाथि विजय हासिल गर्नुभयोः लूका २४:३६-५३

- दाऊद शाऊलबाट बँचेर निस्कन्छः १ शमूयल १८-१९
  परमेश्वरको सुरक्षामा भरोसा गर्नु ।

- येशू नासरतबाट बँचेर निस्कनु हुन्छः लूका ४:१६-३०

- जोनाथनले दाऊदलाई भाग्नको निम्ति सहयोग गर्दछः
  १ शमूयल १९:१-५ अनि २०
  तपाईंका सबै मित्रहरुलाई उद्धार पाउनको निम्ति
  सहायता गर्नुहोस् ।

- येशूले सामरी स्त्रीलाई मुक्ति उपलव्ध गराउनु हुन्छः
  यूहन्ना ४

- दाऊदले शाऊलको जीवनलाई जोगाउँछ : १ शमूयल २४
  तपाईंका शत्रुहरुलाई क्षमा गर्ने ।

- एक पिताले आफ्नो पुत्रलाई क्षमा गर्दछः लूका १५:११-३२

- शाऊलले एक मन्त्रतन्त्र गर्नेसँग सल्लाह लिन्छः १
  शमूयल २८
  सबै प्रकारका तान्त्रिक क्रियाकलाप अनि सम्पर्कबाट
  हामीले आफूलाई टाडो राख्नु पर्छ ।

- टुनामुना गर्नेका पुस्तकहरु जलाइएको: प्रेरित १९:१७-२०

- राजा दाऊदले परमेश्वरको सन्दूक यरुशलेममा लैजान्छ: २ शमूएल ६-७
  येशलाई राजाको रुपमा ग्रहण गरौं अनि उहाँको आज्ञा पालन गरौं ।

- येशू यरुशलेममा राजाको रुपमा प्रवेश गर्नुहुन्छ: लूका १९:२८-४४

- दाऊद मेपिबोसेथप्रति अनुग्रही बन्दछ: २ शमूएल ९
  हाम्रो खातिर परमेश्वरको महान अनुग्रहप्रति हामी कृतज्ञ बन्नु ।

- खेतालाहरुको ज्याला: मत्ती २०:१-१६

- अब्सालोमले दाऊदको विरुद्ध विद्रोह गरेका: २ शमूएल १५-१९
  आफ्नो देशको राजा अथवा शासकप्रति विश्वासयोग्य बन्नु ।

- दुष्ट खेतालाहरु: मत्ती २१:३३-४६

- राजा सुलेमानले बुद्धिको लागि प्रार्थना गर्दछः १ राजा ३-४
  साँचो बुद्धि खोज्नोस् ।

- येशू नै बाटो र सत्य हुनुहुन्छः यूहन्ना १४:१-१०

नयाँ करारसित मिल्दोजुल्दो विभाजित राज्यको समयका कथाहरु, अनि तिनका प्रयोगः

कथाहरु

- राजाको लालसाको कारण, राज्य विभाजित भएकोः
  १ राजा १२
  सम्पत्तिको खतरासित होशियार ।

- जवान धनी मान्छेले येशूलाई छोड्दछः मत्ती १९:१६-३०

- एलिया अनि बालका अगमवक्ताहरुः १ राजा १८
  झूठो धर्मबाट टाढै बस ।

- येशूले फरिसीहरुको खमीरको बारेमा चेताउनी दिनुभयोः
  मर्कूस ८:१४-२१ (मर्कूस ११:१५-१९ सित तुलना गर्ने)

- सारपतकी विधवाको निम्ति एलियाले प्रवन्ध मिलाइदिएका: १ राजा १७
  आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर ।

- असल सामरीले देखाएको प्रेम: लूका १०:२५-३७

- परमेश्वरले विद्रोहीहरुलाई जलाइदिनुभएको: २ राजा १
  बडो होशियारीपूर्वक सर्वोच्च न्यायाधीशलाई आदर गर अनि उसको आज्ञा पालन गर ।

- एलुमासले अन्धोपनको सजाय पायो: प्रेरित १३:४-१२

- एलिया स्वर्गतिर उठाइलगिन्छ, एलिशा उनको उत्तर ाधिकारी बने: २ राजा २
  स्वर्गीय कुराहरुतिर मन लगाओ ।

- येशू बादलहरुमा भएर स्वर्गारोहण हुनुभयो: प्रेरित १:१-११

- एलिशा अनि पानीको आश्चर्यकर्म: २ राजा ३
  अलौकिक शक्तिको लागि परमेश्वरको प्रशंसा भएको होस् ।

- येशू ख्रीष्ट पानीमाथि हिँड्नु हुन्छः मत्ती १४:२२-३३

- एलिशा अनि तेलको आश्चर्यकर्मः २ राजा ४:१-७ हामीलाई सहयोग गर्न अनि निको पार्नको निम्ति पर मेश्वरलाई प्रार्थना गरौं ।

- येशू ख्रीष्टले बर्तिमास नाउँको अन्धालाई निको पार्नुहुन्छः मर्कूस १०:४६-५३

- एलिशा अनि शूनम्मीकी स्त्रीः २ राजा ४:८-३७ पुनर्स्थापनको निम्ति परमेश्वरको शक्तिमा भरोसा गरौं ।

- पत्रुस र डोरकासः प्रेरित ९:३६-४३

- नामान उसको कोर रोगबाट निको हुन्छः २ राजा ५ तपाईंको हृदयको रुप परिवर्तनको निम्ति परमेश्वरलाई काम गर्न दिनोस् ।

- दमस्कसको बाटोमा शाऊल परिवर्तन भएका थिएः प्रेरित ९

- बालक राजा योशियाहका सुधारहरुः २ राजा २२-२३ झुटा इसाईहरुलाई चिन्नोस् ।

- विवाहको भोज: मत्ती २२:१-१४

- शेबाकी रानीले सुलेमानलाई भेट्दछिन्: २ इतिहास ९
  परमेश्वरका आशिषहरु थाहा गर्नोस् ।

- बत्ती लिएका दश कन्याहरु: मत्ती २५:१-१३

- मीकायाले अहबको पतनबारे अगमवाणी गर्दछ:
  २ इतिहास १८
  परमेश्वरको महिमाको लागि उहाँले दिनुभएको सामर्थ्य
  अनि वरदानहरु प्रयोग गरौं ।

- तोडा (सुनको सिक्का) को दृष्टान्त: मत्ती २५:१४-३०

- यरुशलेमको पतन: २ इतिहास २५
  राष्ट्रहरुको न्याय गर्नुहुने परमेश्वरको आज्ञा पालन गरौं ।

- राष्ट्रहरुको न्याय: मत्ती २५:३१-४६

नयाँ करारसित मिल्दोजुल्दो गरी कैदी तथा पुनर्स्थापित भएको अवस्थाको समयका कथाहरु, अनि तिनका प्रयोग:

कथाहरु

- निहेम्याहले यरुशलेमको पुननिर्माण गर्दछः निहेम्याह १-४

- हराएको भेडाः लूका १५:१-७
  पतित भएकाहरुलाई पुनर्स्थापित गरिदिनोस् प्रार्थना गरौं ।

- परमेश्वरले आफ्ना जनहरुहरुलाई एस्तरद्वारा बचाउनु हुन्छः एस्तरको पुस्तक
  हाम्रो पवित्र परमेश्वरले सबै मानिसहरुलाई सठीक ढङ्गमा एक दिन न्याय गर्नु हुनेछ भनेर मानिलिनु ।

- असल गोठालोले आफ्ना मानिसहरुलाई अनन्तसम्म सुरक्षित राख्नेछु भनी प्रतिज्ञा गर्नुभएको छः यूहन्ना १०:१-३०

- अय्यूबले आफ्नो कष्टलाई विश्वाससाथ स्वीकार गर्दछः अय्यूब (अय्यूबको पुस्तक एउटै कथा हो । यसका केही भागहरु मात्र हेर्नु हो भने यसरी हेर्नसकिन्छः
  अध्याय १-४, अनि वार्तालापका केही भागहरु
  जस्तै अय्यूब ६:१-४, ८:१-८, ९:१-४, ११:१-६, १२:१-३, १९:१-६, २५-२७, ३८:१-७, ४०:१-९, ४२)
  परमेश्वरले अह्राउनु भए जतिको कष्टलाई स्वीकार गर्नोस् ।

- येशूले गेतसमनीको बगैंचामा पिताको इच्छालाई स्वीकार गर्नुभयो: मत्ती २६:३६-४६

- परमेश्वरले यशैयालाई प्रचार गर्न बोलावट दिनुभयो: यशैया ६
  जब परमेश्वरले बोलावट दिनुहुन्छ, उहाँको आज्ञा पालन गर्नोस् ।

- येशूले सारा संसारका राष्ट्रहरुलाई चेला बनाउनको निम्ति आज्ञा गर्नुभयो: मत्ती २८:१६-२०

- बौरी उठ्नुभएको ख्रीष्टले आफ्ना भेडाहरु चराउनको लागि पत्रुसलाई आज्ञा गर्नुभयो: यूहन्ना २१:१५-२२

- सनहेरीबले यहूदामाथि आक्रमण गर्दछ: यशैया ३६-३७
  हाम्रा सबै खतराहरुमा परमेश्वर हामीहरुसित हुनुहुन्छ भनी भरोसा गर्नुहोस् ।

- परमेश्वरले पावल र सिलासलाई फिलिप्पीमा सुरक्षा प्रदान गर्नुहुन्छ: प्रेरित १६:१६-४०

- बौरी उठ्नु भएको ख्रीष्टले उहाँमा विश्वास गर्ने सबैलाई मुक्तिको प्रतिज्ञा गर्नुभएको छ: लूका २४:३६-४९

- राजा हिजकियाहमा चङ्गाइ अनि घमण्डः यशैया ३८-३९
  परमेश्वरमा भरोसा गर्नुहोस्, आफ्नो सम्पत्तिमा होइन ।

- धनी मूर्खः लूका १२:१३-३४

- यर्मिया अनि फुटेको पानीको भाँडोः यर्मिया १९
  सबै प्रकारका कपटीपनलाई हटाउनु ।

- जसले हामी देख्छौं भन्छन् उनीहरु अन्धा छन्ः यूहन्ना ९

- यर्मियाको सन्देश इन्कार गरेः यर्मिया ३६-३९
  जतिसुकै मूल्य तिर्नु परे तापनि सत्य सिकाउनु होस् ।

- पावलको सन्देश इन्कार गरेः प्रेरित २१-२६

- सुख्खा हाडहरुः इजकिएल ३७
  पवित्र आत्माले खीष्टमा नयाँ जीवन दिनुहुन्छ ।

- विश्रामको दिनमा पक्षवातको रोगीलाई निको पारेको
  कारण येशूको आलोचना हुन्छ । तर उहाँले यो पनि
  प्रतिज्ञा गर्नुभयो कि उहाँले मृतलाई पनि व्युँताउन सक्नु
  हुन्छः यूहन्ना ५:१-२९

- जलिरहेको, आगोका ज्वालाहरुमा तीन व्यक्तिहरु: दानिएल ३
  सधैं परमेश्वरको सुरक्षाको निम्ति विन्ती गर्नोस् ।

- तिनीहरुले पावललाई नमारुञ्जेल केही पनि नखाने कसम शत्रुहरुले खाएका थिए: प्रेरित २३:१२-३३

- भित्तामा देखिएको लेखौट: दानिएल ५
  न्यायको दिनको निम्ति तयारी बनौं ।

- येशू यरुशलेमको निम्ति रुनुभयो: लूका १३:३१-३५, १९:४१-४४, २१:५-७, २०-२४

- दानिएल सिंहको खोरमा: दानिएल ६
  शैतानबाट छुटकारा पाउनको लागि परमेश्वरमा भरोसा गरौं ।

- गेरासेनस क्षेत्रमा भूत लागेको मानिसले छुटकारा पाएको: मर्कूस ५:१-२०

- ठूलो माछाले योनालाई निलेको: योना १-२
  मृतबाट बौरी उठाउनको निम्ति परमेश्वरको शक्तिमा भरोसा गर्नुहोस् ।

- फरिसीहरुले आश्चर्यमय चिन्हहरुको माग राखे: मत्ती १२:३८-४०

- उहाँको पुनरुत्थानपछि थोमाले येशूलाई मानिलिएको: यूहन्ना २०:२४-२९

नयाँ करारबाट कथाहरु

(पुरानो करारका कथाहरुसित सम्बन्ध राख्ने सुसमाचारहरु अनि प्रेरितहरुबाट कतिपय कथाहरु माथिको सूचीमा परि सकेका छन् ।)

नयाँ करारका महत्त्वपूर्ण घट्नाहरु यस प्रकार का छन्:

- येशूको जन्म: मत्ती १,२, लूका २

- येशूको बप्तिस्मा: मत्ती ३

- येशूको परीक्षा: मत्ती ४:१-११

- येशूले आफ्ना चेलाहरु छान्नुहुन्छः मत्ती ४:१८-२२, ९:९-१३, मर्कूस ३:१३-१९, यूहन्ना १:३५-५१
- येशूको रुप परिवर्तनः मत्ती १७
- यरुशलेममा येशूको विजय-प्रवेशः मत्ती २१:१-१७
- प्रभुभोजको स्थापनाः मत्ती २६:१७-२९
- गेतसमनीको बगैंचामा येशूको कष्टः मत्ती २६:३६-५६
- येशूको जाँचः मर्कूस १४:५५-६५, यूहन्न १८:२८-४०, १९:१-१६
- क्रूसीकरणः यूहन्ना १९:१७-३७
- दफन गरिएकोः यूहन्ना १९:३८-४२
- पुनरुत्थानः यूहन्ना २०-२१
- स्वर्गारोहणः लूका २४:५०-५३
- पवित्र आत्माको आगमनः प्रेरित २

उदाहरण: इसाई शिक्षाको निम्ति कक्षाको योजना

मिति:_____ झुण्ड:_____ शिक्षक:_____

सहयोगीहरु जसले सानाहरुलाई चेला बनाउन सक्छन्:

_____

साधारण उद्देश्य:

_____

समय:_____ स्थान: _____

विशेष उद्देश्य:_____

बाइबलको खण्ड(हरु):_____

विषयहरु:_____

तरिकाहरु:_____

सामाग्री:_____

प्रस्तुतिको क्रम:

१. _____ (मिनट)

_____

२. _____ (मिनट)

३. _____ (मिनट)

४. _____ (मिनट)

५. _____ (मिनट)

६. _____ (मिनट)

७. _____ (मिनट)

उपस्थित:_____ ढीलो आएका:_____ भेटी:_____

यस कक्षामा माथि लिनुभएको विशेष उद्देश्य हासिल गर्नमा कतिको सफल हुनुभयो, तल उचित ठाउँमा चिन्ह लाउनोस्:

कमजोर रुपमा । — ठिकैको रुपमा । — सन्तोषजनक रुपमा । — असाध्ये राम्रो गरी । — सिद्ध रुपमा ।

अर्को सेवामा सुधार ल्याउनु पर्ने कुराहरु, प्रार्थनाका विषयहरु:

_____

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

051NP01A-01